
निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
eprateekdaily.com



अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०

❖ वर्ष ३६ ❖ २०७९ भदौ १० गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 August 26 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ०९

## कित्ताकाट रोकिएर मालपोत र नापी शाखाको काम ठप्प

प्रस, वीरगंज, ९ भदौ/

नापी विभागले जारी गरेको भूउपयोग वर्गीकरण पर्सा जिल्लाका पालिकाहरूले प्रयोगमा ल्याउन नसक्दा वर्गीकरण नीति छैन। यो नीति पालिकाले चाहेको खण्डमा नापी विभागबाट पाँच मिनेटमा ल्याउन सक्ने प्रविधि रहे पनि यसको उपयोग नगरिएको स्रोतले

मेन्टेनेन्स नापी शाखाका प्रमुख नारायण श्रेष्ठले कित्ताकाटको कार्य पूर्णरूपमा ठप्प भएको बताए । उनले दैनिक पाँच सयको हाराहारीमा कित्ताकाट


भीडभाड हुने मालपोत कार्यालय, पर्सा अहिले सुनसान देखिन्छ। तस्वीरः प्रतीक

असारदेखि भूमिसुधार तथा मालपोत कार्यालय, पर्सा र मेन्टेनेन्स नापी शाखाको काम कारबाई पातलिएको छ ।

सरकारले कृषियोग्य जमीन प्लटिङ गरेर बिक्री नहोस् भनेर तीन/चार वर्षअघि भूउपयोग नियमावली जारी गरेको थियो । सोही अनुसार नापी विभागले तीन वर्षअघि ७५३ वटा स्थानीय पालिकाको भूउपयोग वर्गीकरण गरेर पालिकाहरूमा पठाएको थियो तर पर्साका पालिकाहरूले यसको संरक्षण नगरेका कारण अहिले पर्सा जिल्लामा समस्या देखिएको छ ।

सरकारले भूउपयोग वर्गीकरण गरेका पालिकाहरूलाई मात्र कित्ताकाट गर्न पाउने नीति जारी गरेको छ। ७५३ वटा पालिकालाई मङ्सिर २३ गतेसम्म यो नीति अन्तर्गत नापी विभागले जारी गरेको दश किसिमले जग्गा वर्गीकरण गर्न निर्देशन गरेको छ ।

पर्सा जिल्लामा रहेका १४ वटा पालिकामध्ये कसैसँग पनि तीन वर्ष अगाडि जारी गरिएको भूउपयोग जनाएको छ। विभागले जेठ २७ गतेदेखि भूउपयोग नीति अन्तर्गत जग्गा वर्गीकरण नगरेका पालिकाहरूलाई कित्ताकाट गर्न निषेध गरेको छ । जसले गर्दा अहिले भूमिसुधार तथा मालपोत कार्यालय, पर्साको जग्गा रजिस्ट्रेशन प्रभावित भएको छ भने नापी कार्यालयको कित्ताकाट कार्य पनि रोकिएको छ ।

मालपोत कार्यालय, पर्साले दैनिक तीन सयको हाराहारीमा रजिस्ट्रेशन गर्दै आएकामा अहिले ३०–३५ वटा मात्र रजिस्ट्रेशन पारित हुँदै आएको जानकारी गराएको छ । ससीम (साँध–सिमाना छुट्टिएको) जग्गा मात्र रजिस्ट्रेशन हुने गरेको मालपोत कार्यालयले जनाएको छ। रजिस्ट्रेशन प्रभावित भएपछि मालपोतमा दृष्टिबन्धक, मुद्दा र हालसाबिकका जग्गाहरूको काम मात्र भइरहेका छन् । मालपोत कार्यालय, पर्साले रजिस्ट्रेशनबाट वार्षिक करीब रु ९० करोड राजस्व उठाउने गरेको छ। जसबाट महानगरलाई रु ४० करोड अनुदान सहयोग प्राप्त हुने गरेको छ ।

हुँदै आएको र अहिले एकजनाको पनि कित्ताकाट नभएको बताए। उनले नापी कार्यालयमा अहिले नक्शा प्रिन्ट, संशोधन र फिल्डबूक उतारको कार्य मात्र भइरहेको बताएका छन् । उनले पालिकाहरूले भूउपयोग नियमावली अनुसार जग्गा वर्गीकरण नगर्दा समस्या भएको बताए। विभागले कृषियोग्य जमीन बचाउको लागि यो नियमावली ल्याएको बताउँदै उनले पालिकाहरूले कृषियोग्य अथवा गैरकृषि जग्गा मात्र वर्गीकरण गरिदिएको खण्डमा कित्ताकाट हुन सक्ने बताए। तर त्यो कामसम्म नगर्दा अहिले मालपोत र नापीको कार्य प्रभावित भएको उनको भनाइ छ ।

विभागले आवासीय जग्गाको लागि १३० वर्गमिटर (आठ धुर) र कृषि कार्यको लागि ६७५ वर्गमिटर (चार कट्ठा) जग्गा निर्धारण गरेको र यही मापदण्ड अनुसार पालिकाहरूले आफ्नो क्षेत्रका जग्गाहरूको वर्गीकरण गरेर पठाएको खण्डमा कित्ताकाट गर्न सकिने नापी प्रमुख श्रेष्ठले जानकारी गराएका छन्।

## जनकपुरमा मुख्यमन्त्रीको पुतला दहन

प्रस, जनकपुरधाम, ९ भदौ/

आन्दोलनरत्त सुकुमबासी तथा चुरे वन संरक्षण अभियानले मधेस प्रदेशका थियो । दिउँसो करीब दुई घण्टासम्म मिल्स एरियाको स्थिति तनावग्रस्त बनेको थियो।

गरेको वनको जग्गा फिर्ता लिनुपर्ने, सक्कली सुकुमबासीलाई अविलम्ब जग्गा उपलब्ध गराउनुपर्ने, नक्कली



मुख्यमन्त्री लालबाबूराउत गद्दीको पुतला दहन गरेको छ ।

बिहीवार दिउँसो जनकपुरधामस्थित मिल्स एरियाको मुख्य सडकमा प्रदर्शनकारीहरूले मुख्यमन्त्री गद्दीको पुतला जलाएका हुन् । मुख्यमन्त्री कार्यालय अगाडि पुतला दहन गर्न गइरहेको ठूलो समूहलाई प्रहरीले रोकेपछि सुकुमबासी तथा चुरे वन संरक्षणका अभियानकर्मीहरूबीच घम्साघम्सी भएको

प्रदर्शनकारीहरूले मुख्यमन्त्रीविरुद्ध नाराबाजी गर्दै पुतला दहन गरेका थिए। सो क्रममा प्रहरी र प्रदर्शनकारीबीच झडप हुँदा १४ जना प्रदर्शनकारी घाइते भएको आन्दोलनरत पक्षको भनाइ छ। विगत लामो समयदेखि जनकपुरधाममा सुकुमबासी तथा चुरे वन संरक्षण अभियानले विभिन्न माग राख्दै आन्दोलन गर्दै आएको छ। सिराहाको चोहर्वास्थित मारुती सिमेन्ट उद्योगले अतिक्रमण सुकुमबासीलाई वनको जग्गा वितरण गर्ने कार्य रोक्नुपर्नेलगायतका माग राखेर अभियानले प्रदेश राजधानी केन्द्रित आन्दोलन गर्दै आएको छ।

जायज माग राखेर शान्तिपूर्ण प्रदर्शन गर्दा मधेस सरकारले प्रहरी परिचालन गरी दमन गरेको सुकुमबासी तथा चुरे वन संरक्षण अभियानका संयोजक सुनील यादवले बताए । उनले १५० जना

(बाँकी अन्तिम पातामा)

## कालोपत्र सडक प्रभावित

प्रस, वीरगंज, ९ भदौ/

घण्टाघरदेखि पावरहाउससम्मको फोरलेन सडक अन्तर्गत वीरगंज सुधार गर्ने क्रममा त्रिभुवन राजपथको सडकको एघार स्थानमा कटिङ गरेर पाइप बिछ्याएर पानीको निकास उँचो बनाएको थियो । जसले गर्दा घण्टाघरदेखि पावरहाउसम्म चौधवटा युटर्न हुने ठाउँमा पानी जमेर राजमार्गको

तस्वीरः प्रतीक



महानगरपालिकाले निर्माण गरेको पश्चिमतर्फको कालोपत्र सडकको कारण वर्षायाममा पूर्वपट्टिको त्रिभुवन राजपथको कालोपत्र सडक प्रभावित भएको छ ।

महानगरले दुई वर्षअघि घण्टाघरदेखि पावरहाउससम्म दुई किलोमिटर सडक कालोपत्र गर्न रु दुई करोड खर्च गरेको थियो । महानगरले कालोपत्र गर्दा प्राविधिक त्रुटि गरेकोले वर्षायामको पानीले त्रिभुवन राजपथको सडकमा जमेर कालोपत्र बिग्रिन थालेको थियो। महानगरले अहिले आफ्नो गलती निकालेको छ। तर प्राविधिक त्रुटि गर्ने महानगरका इन्जिनीयरहरूलाई कारबाई गरिएको छैन। उनीहरूको योग्यतामाथि पनि नगरवासीले प्रश्नचिह्न खडा गरेका छन्।

फोरलेन सडक अन्तर्गत पूर्वतर्फको त्रिभुवन राजपथ अन्तर्गतको सडक दुई दशकअघि पुनर्निर्माण भएको हो । महानगरपालिकाले पश्चिमतर्फको सडक निर्माण गर्दा वर्षायामको पानीको बहावलाई ध्यान नदिएर राजमार्गको कालोपत्रभन्दा दुईदेखि तीन इन्चसम्म सडकमा खाल्डाखुल्डी परेको छ।

महानगरले यसअघि सो सडकखण्डको बीचमा बनाएको डिभाइडरमा पनि प्राविधिक त्रुटि गरेको छ । डिभाइडर बनाउँदा पानी नजम्ने गरी बनाउनुपर्नेमा राजमार्गपट्टि पानी जम्ने गरी डिभाइडर बनाइएको कारण वर्षायामको बेला ठाउँठाउँमा पानी जमेरे कालोपत्र बिग्रिंदो छ। मेनरोडको सडक पटक–पटक बनाइँदैन तर एकपटक बनाएपछि कम्तीमा एक दशकसम्म चल्नुपर्ने हो तर महानगरपालिकाले बनाएको यो सडकको अवस्था पनि दिनानुदिन बिग्रिंदो छ।

सडक निर्माण भएकै बेला नेशनल ट्रेडिङनिर सडक कटिङ गर्नुपरेको थियो भने अहिले सडकका विभिन्न भागहरूमा खाल्डाखुल्डी परेका छन्।

दक्ष इन्जिनीयरहरू राखेको महानगरले त विकास निर्माण कार्यमा त्रुटि गर्छ भने उसले सर्वसाधारणले गर्ने साधारण इन्जिनीयरिङ त्रुटिमा अनेका मीनमेख निकाल्ने गर्छ।

## दश महीनापछि गाउँ फेरि उज्यालो

ओमप्रकाश चौधरी, सेढवा, ९ भदौ/

पटेर्वासुगौली गाउँपालिका–३ को नाममा ३८ लाख बक्यौता रहेको र सो नतिर्दा तीनवटा टोल अँध्यारोमा दश



तीनवटा टोल दश महीनापछि उज्यालो भएको छ।

नेपाल विद्युत् प्राधिकरण पोखरिया वितरण केन्द्रलाई ३८ लाख बक्यौतामध्ये २२ लाख ५५ हजार तिरेर बिहीवारदेखि टोललाई उज्यालो पारिएको गापा अध्यक्ष दिनेशकुमार चौधरीले बताए।

उनले विद्युत् उपभोक्ता समितिको महीना बस्नुपरेको भन्दै उनले बक्यौतामध्ये बाँकी रकम पनि तिर्न गापाले सहयोग गर्ने बताए।

ऊर्जा मन्त्रालयसँगको विशेष पहलमा समितिको नाममा जडान गरिएको मास्टर मिटर हटाएर विद्युत् प्राधिकरणले व्यक्तिविशेषको नाममा मिटर जडान गरेको छ।

## बिहान ७–१० बजे प्रतिलिपि दिइने

प्रस, वीरगंज, ९ भदौ/

जिल्ला प्रशासन कार्यालय, पर्साले प्रतिलिपि नागरिकताको लागि बिहानदेखि नागरिकताको प्रतिलिपि लिन भदौ ९ गतेसम्म अनुसूची फाराम भरेकाहरूले भदौ १६ गतेसम्म बिहान ७ देखि १०


जिप्रका पर्सामा सेवाग्राहीको भीड। तस्वीरः फाइल/प्रतीक

सेवा दिने भएको छ।

जिप्रका, पर्साका सूचना अधिकारी सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले बिहीवार सूचना जारी गरी भदौ १० गतेदेखि बिहान ७ देखि १० बजेसम्म तीन घण्टा नागरिकताको प्रतिलिपि दिने व्यवस्था मिलाइएको बताए।

उनले जिल्ला प्रशासन कार्यालयमा बजेसम्म प्रतिलिपि दिने व्यवस्था मिलाइएको जानकारी गराए।

जिप्रका, पर्साले नागरिकता प्रतिलिपि, राहदानी वितरण गर्दै आएकामा पछिल्लो समयमा अचाक्ली भीड बढेको छ । भीडका कारण प्रतिलिपि लिनेहरूले हप्तौं कुर्नुपर्ने अवस्था आएकोले शुक्रवारदेखि एक साताको लागि यो व्यवस्था गरिएको हो।

## छोटकरी

### ४९ वटा राँगा बरामद

प्रस, पंचगावाँ, ९ भदौ/

भारतबाट अवैध तरीकाले भित्र्याइएका ४९ वटा राँगा सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको छ । सशस्त्र प्रहरी बिओपी महादेवपट्टिले बिहीवार बिहान ४ बजे भारतको भङ्गाहा हुँदै महादेवपट्टिबाट भित्र्याइएका राँगालाई जीराभवानी गाउँपालिका–४ सुपौलीबाट नियन्त्रणमा लिएको सशस्त्र प्रहरी निरीक्षक रमेश साहले बताए।

### सिम्रौनगढमा मेला

प्रस, सिम्रौनगढ, ९ भदौ/

धार्मिक दृष्टिकोणले अति नै महत्त्वपूर्ण मानिएको भदौ कृष्ण पक्ष त्रयोदशीको शुभ अवसरमा सिम्रौनगढ नगरपालिका अन्तर्गत बिहीवार पाँच ठाउँमा मेला लागेको छ।

सिम्रौनगढ नगरपालिकाको वडा नं ३ नैका टोला, ४ हरिहरपुर, सिम्रौनगढ बजार कङ्काली मन्दिर परिसर, झवानी, ९ बसवरिया, १० देवापुर टेटामा मेला लागेको छ। यी मेलामध्ये वडा नं ९ बसवरिया र देवापुर टेटामा श्रीकृष्ण जन्माष्टमीको छठियारको अवसरमा र बाँकी भदौ त्रयोदशीको अवसरमा मेला लागेको हो।

आज बिहानैदेखि काँवरिया बोलबम एवं श्रद्धालु भक्तजनहरूले सिम्रौनगढ नगरपालिकाका ११ वटा शिवमन्दिरमध्ये पायक पर्ने मन्दिरमा जलाभिषेक गरेका थिए । मेलामा सांस्कृतिक कार्यक्रम, जागरण कार्यक्रम, भजनकीर्तन एवं नाचगानको आयोजना पनि गरिएको थियो।

## विचारसार र सूक्तिहरू

**मान्छेले सदैव मौका खोज्नुहुँदैन किनभने आज जे छ, त्यही नै सबैभन्दा राम्रो मौका हो ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# दल प्रवेश र वास्तविकता

**मुलुकमा जब–जब चुनाव आउँछ, तब–तब दल प्रवेश कार्यक्रम भ्याइनभ्याइ हुन्छ । मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेपछि यो क्रम निकै फस्टाएको हो । गणतन्त्र प्राप्तिपछि राजनीतिक दलहरूमा मिसन देखिएन, मानौं अन्तिम लक्ष्य नै सङ्घीय लोकतान्त्रिक गणतन्त्र थियो । हुनत कम्युनिस्टहरू वैज्ञानिक साम्यवाद आफूहरूको अन्तिम लक्ष्य बताउँछन् । पूँजीवादी र सामन्तवादी धारका दलहरू समाजवादको नारा फलाक्छन् । यो हिजोदेखि नै दलका अग्रजहरूले लगाउँदै आएका नारा र उनीहरूको सपना भएकाले आजकाहरूले कण्ठस्थ मात्रै गरेका हुन् । पुरानो मिसन अब सुगारटाइमा परिणत भइसकेको छ । माओवादीको सशस्त्र युद्ध चल्दासम्म पनि दलहरूबीच कहींकतै केही फरक देखिन्थ्यो । अरू केही नभए पनि माओवादी युद्ध, संविधानसभा र राजसंस्थाबारे दलहरूको फरक धारणा साथै केही फरक कार्यक्रमसमेत थियो । अब त्यो पनि रहेन । अतः अहिले मुलुकमा जति पनि राजनीतिक दल छन्, तिनीहरूको नामबाहेक काम फरक छैन । जुनसुकै वादी होऊन्, सत्तामा पुग्दा मुलुक हाँक्ने तरीका र सत्ताबाट झरेपछि सडक एवं सदनमा प्रस्तुत हुने शैली उनीहरूको एउटै छ । अब त राजनीतिक दस्तावेज र चुनावी घोषणापत्रहरू पनि झन्डै उस्तै आउन थाल्यो । स्थापना र जनमतका आधारमा दलहरू ठूला–साना देखिनु मात्रै उनीहरूबीचको फरक हो । मूलभूतरूपमा दलहरू फरक नभएपछि दलबदल गर्ने/गराउनेहरूका लागि खुदो पल्टेको छ ।**

**कुनै बेला मुलुकका साम्यवादी दलहरूको मुख्य शत्रु पूँजीवादी दल किटानी थियो, त्यसैगरी पूँजीवादी दलको मुख्य शत्रु साम्यवादीहरू मानिन्थे । परस्परविरोधी दलबाट सम्बन्धित दल त्यागेर कोही व्यक्ति अर्को दलमा प्रवेश गर्न चाहेमा उसलाई निश्चित समय परीक्षणमा राखेर, सानो जिम्मेवारी दिइन्थ्यो । आज त्यस्तो छैन । जुनसुकै दलबाट आएका होऊन्, उसलाई सकभर तह बढाएर दल प्रवेश गराउने हो, त्यति नभए समान तहको जिम्मेवारी निश्चित छ । अझ सत्ता साझेदारीको मौका पाउँदा कतिपय दलहरू आफ्नो चुनाव चिह्न र घोषणापत्र त्यागनसमेत तयार छन् । यो अवस्थाले दलबदल गर्नेहरूलाई ऊर्जा मिलेको छ ।**

**दल प्रवेश गर्ने र गराउनेहरूको लागि चुनाव, बालबालिकालाई दशैं आए सरह छ । दशैंमा नयाँ नाना फेर्न पाए जस्तै चुनावमा रोजीरोजी नयाँ दल फेर्न पाइन्छ । राम्रो काम गरेर नाम राख्न नसके पनि दल प्रवेशको बहानामा सामाजिक सञ्जाल र समाचारमाध्यममा स्थान पाइन्छ । त्यसमा थप आफुले रोजेको पदीय हैसियत र टिकट पनि निश्चित छ । अर्कोतर्फ कुनै पनि दलका एक खाले मध्यस्थकर्ता नेताहरूको धन्धा नै दल प्रवेश गराउनेछ । यसो गर्दा मध्यस्थकर्तालाई दोहोरो फाइदा छ । पद वा टिकटको लागि पार्टी प्रवेश गर्ने नेताहरूले मध्यस्थकर्ताको लागि टन्न खर्च गरिदिन्छन् । उनीहरूले टिकट नलिएमा मत वृद्धि गराइदिएबापत उक्त क्षेत्रबाट चुनाव लड्ने आफ्नै दलका उम्मेद्वारबाट पनि मध्यस्थकर्ताले नै फाइदा पाउँछन् । यसको अलावा आफ्नो दलका व्यवस्थापन पक्षधर नेतृत्वको नजरमा प्रिय पात्र भइन्छ । कुनै पनि दलका व्यवस्थापन पक्ष जब दलमा कमजोर पर्न थाल्छ, तब उसले अन्य दल वा समूहका नेतालाई आफ्नो दलमा प्रवेश गराउने र सदस्यता सङ्ख्या थप्ने गर्छ । यसरी नयाँ सदस्यता थपेपछि महाधिवेशनमा दल कब्जा गर्न सकिन्छ । यसबाट ओली, देउवा, प्रचण्ड, लिङ्देन कोही पनि अछूतो छैनन् ।**

# नेपालको निर्यातमा चीनको अवरोध

स्वतन्त्र विचार




श्रीमन्नारायण
an_shriman@yahoo.com


**जबकि तत्कालीन नेकपा एमालेको सरकारले यसलाई ऐतिहासिक उपलब्धिको रूपमा व्याख्या गरेको थियो । प्रचारबाजी गर्नमा वामपन्थीहरूलाई महारथ हासिल भएको हुन्छ । चारवटा सामुद्रिक बन्दरगाह र तीनवटा सुक्खा बन्दरगाहबाट व्यापार र सुविधा हासिल गर्ने कुरा त कहाँ हो, कहाँ उपभोगमा रहेका तातोपानी र केरुङ नाका पनि बन्द छन् ।**

उत्तरी छिमेकी चीनलाई नेपालको भरपर्दो मित्रराष्ट्रको रूपमा परिभाषित गर्नेहरूको फेहरिस्त नेपालमा सानो छैन । पञ्चायतको तीस वर्षमा यही भाष्य स्थापित गर्ने काम भइरह्यो । नेपालका वामपन्थीहरूका नजरमा त चीन दोषरहित मुलुक नै हो । अध्यात्ममा विश्वास राख्नेहरू देवताबाट गलती हुन सक्दैन भन्ने मान्यता राखेझैं वामपन्थीहरू चीनलाई दोषरहित मित्रराष्ट्रको संज्ञा दिने गर्छन् । जबकि यथार्थमा चीन पनि गुण र दोष युक्त छिमेकी नै हो । विगत साढे सात वर्षदेखि उत्तरी छिमेकी चीनको नेपालप्रति हेपाहा प्रवृत्ति र उपेक्षापूर्ण व्यवहारका कारण नेपालको निर्यात व्यापार ठप्प मात्रै परेको छैन, अपितु चीनबाट आयात गरेर नेपालमा व्यापार खोज्ने व्यापारीहरू पनि करोडौं रुपैयाँको घाटा सहन बाध्य भएका छन् । बाध्य भएर कतिपयले त उत्तरी नाकाबाट व्यापार नै गर्न छाडिसकेका छन् । शुरूका केही वर्षमा २०७२ देखि २०७६ सम्म भूकम्पको नाममा र त्यसपछि झन्डै तीन वर्षदेखि कोरोनाको नाममा चीनले उत्तरी नाका बन्द गरेकोले नेपालले अर्बौं रुपैयाँको घाटा सहनुपरिरहेको छ ।

चीनसँगको व्यापार घाटा बर्सेनि बढ्दै गएको छ । आव २०७५/७६ मा दुई खर्ब पाँच अर्ब ५१ करोड रुपैयाँको आयात भएको देखिन्छ । यस वर्ष नेपालको चीनमा निर्यात भने दुई अर्ब १० करोड रुपैयाँको मात्रै भएको देखिन्छ । चीनसँगको अन्तर्राष्ट्रिय व्यापारी नाका रसुवागढीबाट नेपालले आव २०७६/७७ को पहिलो तीन महीनामा १४ अर्बभन्दा बढीको सामान आयात गरेको छ तर २०७५/७६ को तीन महीनामा १० अर्बभन्दा बढीको सामान आयात भएको थियो । आव २०७६/७७ को पहिलो तीन महीनामा नेपालबाट चीनतर्फ जडीबुटी र हस्तकलाका सामान निर्यात हुने गरेको छ । तातोपानी नाका बन्द भएको अवस्थामा २०७१ सालदेखि औपचारिकरूपमा सञ्चालनमा आएको रसुवागढी नाकामा व्यापारी, व्यवसायी र सवारीका चाप बढ्दै गएको थियो । आव २०७७/७८ मा रु एक खर्ब ८१ अर्बको चिनियाँ सामान आयात भएको छ । आव २०७५/७६ मा नेपालको चीनमा निर्यात भने दुई अर्ब १० करोड रुपैयाँ मात्र भएको देखिन्छ । आव २०७७/७८ मा रु एक अर्ब १९ करोडको नेपाली सामान निर्यात भएको देखिन्छ । चीनसँगको अन्तर्राष्ट्रिय व्यापारिक नाका रसुवागढी र तातोपानी नाकाबाट आव २०७७/७८ को अघिल्ला दुई महीनामा कोरोना भाइरसका कारण र चीनबाट बाटो बन्द गरिएको कारण सामान आयात र निर्यात भएको देखिंदैन । २०७७ को दशैं व्यापारका लागि कोलकाता बन्दरगाहबाट सामान मगाउने कुरा भइरहेको थियो । आव २०७७/७८ मा चीनसँग वैदेशिक व्यापार नै भएको देखिंदैन । नेपालको लागि व्यापार घाटा धेरै हुने दोस्रो ठूलो देश चीन पर्दै आएको छ ।

विगतमा चिनियाँ भाषामा मात्रै लेखिएका सामग्रीको नेपाल आयातमा नेपाली पक्षले जाँचपास गर्न छाडेपछि चिनियाँ पक्षले सोको बदलामा नेपाली वस्तुको प्रवेशमा अवरोध गरेको थियो । विगतमा चिनियाँ सामान नेपाल आउँदा चिनियाँ भाषामा लेखिएको हुन्थ्यो अनि नेपाली पक्षले भन्सार तथा क्वारेन्टाइनमा भाषा नबुझेपछि उत्पादन मिति, उपभोग गर्नुपर्ने अन्तिम मितिजस्ता विवरण अङ्ग्रेजीमा लेखेर ल्याउनु भनेसँगै सोको प्रतिक्रियामा नेपाली खाद्य वस्तुका लेबल पनि चिनियाँ भाषामा ल्याउन भनेर चीन सरकारले रोक लगाएको थियो । यसरी विभिन्न बहानामा चीनले नेपाली खाद्य वस्तुको निर्यातमा रोक लगाउँदै आएको छ । नेपालबाट चीनतर्फ जाने खाद्य सामग्रीमा चिनियाँ भाषामा लेबल राख्नुपर्ने नियमले केही महीना निर्यातमा रोक लागेको थियो । त्यसपश्चात् नेपाली सामान चीनतर्फ जान सकेको छैन । नेपाली खाद्य वस्तु निर्यातमा अवरोध आएपछि नेपाली खाद्य सामग्री सहजै चीन निर्यात गर्न पाउनुपर्ने माग गर्दै व्यापारीहरूले चिनियाँ भन्सारसँग माग गर्दै आएका छन् । तर चीनले टेरपुच्छर लगाएको छैन ।

चीनले करीब आठ हजार तीन सय नेपाली उत्पादनलाई शून्य भन्सारमा चिनियाँ बजारमा प्रवेशका लागि खुला गरेको दाबी गरेको छ । तर शून्य भन्सार सुविधा उपभोग गरी चीन निर्यात गर्ने उत्पादन नै नेपालसित छैन । त्यस्तो उत्पादन भएका निर्यातकर्ताको निर्यात नगण्य रहिआएको छ । एक किसिमले चिनियाँ शर्त भनेको राधाको नौ मन तेल जस्तै हो । नेपालको चाहना अनुसार आफ्ना वस्तुहरूको सूची नेपालले चीनसँग हेरफेरको एजेन्डामा राख्नुपर्ने बताइन्छ तर दुवै देशका उच्चस्तरका नेताहरू एकापसमा भेट हुँदा यस्ता विषयमा छलफल हुँदैन । यसको अर्थ नेपाली पक्षले यस विषयमा वार्ता गर्न चाहे पनि चीनले महत्त्व दिन नचाहेको हुन सक्छ ।

नेकपा एमालेका अध्यक्ष केपीशर्मा ओली सात वर्षअघि चीन भ्रमणमा गएका बेला चीनसित थुप्रै सम्झौता गरेका थिए । त्यसलाई भूतो न भविष्यति बताइएको थियो तर धरातलका उपलब्धि शून्य छन् । नेपालले चीनतर्फको चार सामुद्रिक र तीन सुक्खा बन्दरगाहको उपयोग गर्न पाउने सम्झौता भएको सात वर्ष भइसक्दा पनि यसबारे कुनै प्रगति भएको छैन । जबकि तत्कालीन नेकपा एमालेको सरकारले यसलाई ऐतिहासिक उपलब्धिको रूपमा व्याख्या गरेको थियो । प्रचारबाजी गर्नमा वामपन्थीहरूलाई महारथ हासिल भएको हुन्छ । चारवटा सामुद्रिक बन्दरगाह र तीनवटा सुक्खा बन्दरगाहबाट व्यापार र सुविधा हासिल गर्ने कुरा त कहाँ हो, कहाँ उपभोगमा रहेका तातोपानी र केरुङ नाका पनि बन्द छन् । तातोपानी र केरुङमा २०–२२ दिनमा आइपुग्ने सामान अहिले कोलकाताको बाटो ४० दिनमा पुगिरहेको छ ।

२०७२ सालमा आएको भूकम्पको कारण अरनिको राजमार्गसहित तातोपानी नाका पनि क्षतिग्रस्त हुन गएको थियो । अरनिको राजमार्ग चीनसितको व्यापारमा महत्त्वपूर्ण नाका हो । चीनजस्तो विश्वको उदाउँदो शक्ति राष्ट्रको निम्ति अरनिको राजमार्गको मरम्मत सम्भार तथा तातोपानी नाकाको पुनर्निर्माण असम्भव थिएन तर चीनले यसमा कुनै चासो नै लिएन, बरु तातोपानी क्षेत्रभन्दा केही किलोमिटर अझ भित्र नै आफ्नो अनुकूलताको हिसाबले नयाँ कार्यालय सञ्चालनमा ल्याएको बुझिन्छ । भूकम्पको बहानामा करीब पाँच वर्षसम्म सीमानाका बन्द गरेको चीनले कोभिड–१९ को समयमा शुरूमैं आफ्नो नाकालाई आयात–निर्यातको निम्ति बन्द गरेको थियो । बीचमा फाटफुटरूपमा नाका खोल्ने गरेको भएपनि आफूलाई मन नपरे नाका बन्द पनि गर्दै आएको छ । हाल पनि चीनमा कोभिडको प्रकोप बढेको अथवा बढ्न सक्ने आशङ्कामा तातोपानी नाकाबाट आयात पनि रोकेको छ । रसुवा नाका पनि बन्द नै गरिएको छ । आयात रोकिनुअघिसम्म नाकाबाट प्रतिदिन १४ वटा कन्टेनरसम्म चिनियाँ सामान आयात भइरहेको थियो । नाका बन्द भएपछि व्यापारिक सामान तिब्बतमैं रोकिएका छन् । ५० कन्टेनर सामान नेपाल ल्याउन लोड भएर राखिएको थियो । ती कन्टेनरमा तीज र दशैंका लागि सामान लोड थिए तर रोक लगाइएको छ । गत वर्ष पनि नेपाली व्यापारीहरू यसरी नै मर्कामा परेका थिए । दशैं, तिहार र जाडोको मौसमका लागि चीनबाट ल्याउन खोजिएका कपडा सयकडौं ट्रकलाई चिनियाँ नाकामा महीनौंसम्म रोकेर राखिएको थियो । यसले गर्दा नेपाली उपभोक्ताहरू महँगोमा लुगा किन्न बाध्य भएका थिए । भूकम्पपछि चिनियाँहरूकै इच्छा र चाहना अनुसार तातोपानी नाका धेरैपटक खुल्दै र बन्द हुँदै आएको छ । पटक–पटक नाका बन्द हुने गरेका कारण डेढ हजार जति मालवाहक कन्टेनर, २८ सय चालक र पाँच हजार मजदूर परिवार बेरोजगार भएका छन् । भर्खरै सम्पन्न नेपालका परराष्ट्रमन्त्रीको चीन भ्रमणले सीमानाका सुचारु हुने सम्भावना जगाएको छ तर व्यवहारमा त अहिले पनि पुरानै अवस्था अर्थात् बन्दकै अवस्था छ ।

# वनक्षेत्र र सार्वजनिक जग्गा हडप्न ठूलो गिरोह सक्रिय

प्रस, निजगढ, ९ भदौ/

मकवानपुर जिल्लाको बकैया गाउँपालिकामा खटेको सर्भे टोलीले बारा, निजगढ नपा–१० लालस्थित वनक्षेत्र र सार्वजनिक जमीनमा बिहीवार किल्ला गाडेको सूचना पाउनासाथ सशस्त्र प्रहरी अस्थायी सुरक्षा बेस, लालका सशस्त्र प्रहरी, डिभिजन वन कार्यालय, बारा मातहतका सशस्त्र वनरक्षकसहित वन कर्मचारी र स्थानीयहरूले मकवानपुरको सर्भे टोलीसँग बिहीवार सोधखोज गरेका छन् ।




निजगढ नपा–१० लाल र मकवानपुर बकैया गापा–६ स्थित वनक्षेत्रमा गाडिएको किल्लाको अनुगमन गर्दै सशस्त्र प्रहरी, वन कर्मचारी र स्थानीय । तस्वीर: प्रतीक

सो किल्ला मकवानपुरमा रहेका जमीनहरूलाई व्यवस्थित गर्ने उद्देश्यले तत्कालका लागि अन्यत्र स्थानबाट मकवानपुरको बकैया गाउँपालिकाको वडा नं ६ मा रहेको २०३२ सालमा सर्भे गरी प्वाइन्ट छोडेको स्थान पत्ता लगाउन असहज भएपछि आवश्यकता अनुसार किल्ला गाडिएको अन्यथा विवादित जग्गाको नापनक्शा गर्ने मनसाय नरहेको बकैया गापा वडा नं ६ का वडासदस्य विचारमान जिम्बा, कर्मचारी बलराम घिमिरे र अमिन बुद्धिमान बटालाले जानकारी दिए ।

निजगढ नगरपालिका–१० मोहोरीस्थित द्रुतमार्गनजीकै, वनक्षेत्र, सार्वजनिक जमीन हडप्ने मनसायले काठमाडौंको ठूलै गिरोहले साबिक हटिया गाविस हाल बकैया गाउँपालिका–६ अन्तर्गत लोप्चनको नाउँमा रहेको जग्गाधनी पुर्जाको कित्ता नं १५२९ र १५३० को जमीन रु तीन करोड ६० लाखमा सात महीनाअघि किनेको लालगाउँमा हल्ला चल्दै आएको छ ।

वाग्मती प्रदेशको मकवानपुरस्थित बकैया गाउँपालिका र मधेस प्रदेश बारास्थित निजगढ नगरपालिका–१० लाल भालुखोला पारि चुरे फेदको लगभग तीन बिघाभन्दा बढी राष्ट्रिय वनक्षेत्रसमेत कब्जा गरी भोगचलन गर्ने मनसायले सो गिरोहले ठूलै कसरत गरिरहेको पनि स्रोतले जनाएको छ ।

मकवानपुर बकैया गाउँपालिका वडा नं ६ मा पर्ने क्षेत्र रहेको दाबी गरी साइन बोर्ड गाडेको जमीन बारा, निजगढ नपा–१० लालको रहेको स्थानीयहरूको भनाइ छ । सो साइन बोर्डनजीकै बकैया गाउँपालिकाका जनप्रतिनिधि, सर्भे टोली, कर्मचारीले जमीनमा किल्ला गाडेपछि लोप्चनले विवादित जमीन नाप्न थालेको लालगाउँमा हल्ला चलेको छ ।

अढाई वर्षअघिबाट ढुङ्गाको पर्खाल लगाइ साबिक हटिया गाविस हाल बकैया गाउँपालिका–६ अन्तर्गत सुमन सिं लोप्चनले सार्वजनिक जमीन कब्जा जमाउँदै हडप्न थालेपछि निजगढ नपा–१० लालका सचेत स्थानीयहरूले सोको विरोध गरेपछि उनले उपभोग गर्न सकेका छैनन् ।

यता सो जमीन बिक्री गर्न थालेपछि आफूहरूले व्यक्तिको नाममा रहेको जमीन किनबेच गर्न पाउने भएपनि वनक्षेत्र र सार्वजनिक जमीन बेचबिखन र किन्न रोक यसअघिदेखि नै लगाउँदै आएको निजगढ नपा–१० लालका अध्यक्ष आशाकाजी श्रेष्ठले बताए ।

लोप्चनले चुरे पहाड क्षेत्रमा रहेको आफ्नो नाममा रहेको जमीनबाहेक चुरे पहाड फेदसम्मको कर्माको रूखबाहेक

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## परोक्ष युद्ध र बढ्दो महँगी

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**युक्रेनमा जारी युद्धले अहिले विश्वभरि महँगी बढाउन निर्णायक भूमिका निर्वाह गरेको छ। संसारको अर्थव्यवस्था अहिले मुद्रास्फीतिबाट मन्दीको स्थितिमा जाने क्रममा छ। स्थिति यस्तै रहने हो, बाह्य शक्तिहरूले कूटनीतिको सट्टा शक्ति मात्र प्रदर्शन गर्ने हो भने विश्व अर्थ व्यवस्थामा महामन्दी आउने छ।**

अहिले विश्वभरि महँगी र मुद्रास्फीति तीव्र गतिमा बढ्नुको प्रमुख कारण परोक्ष युद्ध (Proxy war) हो। दोस्रो कारण विश्वनेताहरूमा कूटनीतिक क्षमताको अभाव हो। तेस्रो भने नेताहरू आफ्नो स्वार्थमा केन्द्रित हुनु हो। अहिले नेताहरूको स्वार्थको कारण नै युक्रेन र रूसबीच युद्ध भइरहेको छ। युक्रेन युद्धको अर्को कुनै कारण छैन। युक्रेन युद्धमा रूसी राष्ट्रपति पुटिनको भने सर्वाधिक ठूलो स्वार्थ छ।

आउनुस् माथि भनिएका बुँदाहरूको क्रमैसँग चर्चा गरौं।

अहिले यसरी विश्वभरि चिन्ताजनक किसिमले महँगी बढ्नुको प्रमुख कारण परोक्ष युद्ध हो। अहिले विभिन्न देशमा परोक्ष युद्ध भइरहेको छ। येमनमा भइरहेको परोक्ष युद्धमा पर्दा अगाडि येमन देखिए तापनि पर्दा पछाडि युद्ध गर्ने देशहरू साउदी अरेबिया र इरान हुन्। इरान र साउदी अरेबिया आफ्नो शक्ति प्रदर्शन गर्न येमनमा परोक्ष युद्ध गरिरहेका छन्। स्मरण रहोस्, परोक्ष युद्धमा जुन देशमा युद्ध भइरहेको छ त्यस देशका नागरिकले अर्को देशका लागि युद्ध गर्छन्। परोक्ष युद्ध गर्ने राष्ट्रहरू पैसा, हातहतियार, प्रविधि, जासूसी एवं युद्धसँग सम्बन्धित जानकारी मात्र पठाउँछन्। आफू प्रत्यक्ष रूपमा युद्धमा संलग्न भने हुँदैनन्।

दोस्रो परोक्ष युद्ध अहिले प्यालेस्टिन क्षेत्रमा भइरहेको छ। यस युद्धमा इजराइल प्रत्यक्ष संलग्न देखिए पनि इजराइलसँग परोक्ष युद्ध भने इरानले गरिरहेको छ। इरानले आफ्नो स्वार्थका लागि फिलिस्तिनीहरूलाई युद्ध गर्न बाध्य पारिरहेको छ। इजराइलले प्रतिरक्षाको नाममा फिलिस्तिनीहरूको हत्या गरिरहेको छ। यसरी इरान र इजराइलले मसल देखाउने स्थान अहिले फिलिस्तिनीहरू बसोवास गर्ने क्षेत्र बनेको छ। सर्वसाधारण फिलिस्तिनीलाई यस युद्धसँग कुनै सरोकार छैन। शान्तिसँग आफूलाई दिएको भूमिमा बस्न पाए पुग्छ। एउटा शान्ति सम्झौता गरेर, फिलिस्तिनी भूमिमा उनीहरूको देश स्थापना गर्न दिएर, त्यस क्षेत्रमा सदाका लागि शान्ति स्थापना गर्न सकिन्छ तर शक्ति राष्ट्रहरू त्यस्तो गर्न दिंदैनन्। फिलिस्तिनी जनतालाई आफ्नो स्वार्थका लागि प्रयोग गरि नै रहन्छन्। इरानले त झनै फिलिस्तिनीहरूलाई शान्तिसँग बस्न दिंदैन। आफ्नो हितका लागि फिलिस्तिनीहरूलाई जहिले पनि युद्धमा होमिरहने इरानले सङ्कल्प नै गरेको छ।

तेस्रो र डरलाग्दो परोक्ष युद्ध भने अहिले युक्रेनमा भइरहेको छ। यो युद्धमा युक्रेन प्रत्यक्ष संलग्न भएको देखिए पनि यथार्थमा युक्रेनलाई उपयोग गरिएको छ। युक्रेनको भूमिमा युद्ध भए तापनि, युद्धमा युक्रेनीहरू संलग्न भए तापनि, यो युद्ध भने रूस र केही युरोपेली राष्ट्रबीच भइरहेको छ। अमेरिका पनि ती युरोपेली राष्ट्रहरूसँग छ जो रूसको विरोधमा छन्। यसरी युक्रेनले आफ्नो राष्ट्रको रक्षाको लागि युद्ध गरेको देखिए पनि यथार्थमा युक्रेनले अहिले अन्य राष्ट्रहरूको लगि रूससँग युद्ध गरिरहेको छ। यस युद्धमा रूस पनि इजराइलजस्तो प्रत्यक्ष संलग्न छ। तर अमेरिकालगाय युरोपका केही राष्ट्र प्रत्यक्षरूपमा युद्धमा संलग्न छैनन् र आफ्नो स्वार्थका लागि युक्रेनलाई उकास्ने काम गरिरहेका छन्। युक्रेन जस्तो सानो र रूसको तुलनामा अति कमजोर राष्ट्रले निरन्तर छ महीनादेखि, रूससँग युद्ध गर्न सक्नुले युक्रेनलाई अमेरिका र केही युरोपेली राष्ट्रहरूको भरपूर सहयोग प्राप्त भइरहेको छ भन्ने तथ्य प्रस्टिन्छ। युक्रेनको गलत नेतृत्वले गर्दा यो देश अहिले परोक्ष युद्धको शिकार हुन पुगेको छ। युक्रेनको जनताले यो कुरा बुझ्नुपर्ने हो।

युक्रेनमा जारी युद्धले अहिले विश्वभरि महँगी बढाउन निर्णायक भूमिका निर्वाह गरेको छ। संसारको अर्थव्यवस्था अहिले मुद्रास्फीतिबाट मन्दीको स्थितिमा जाने क्रममा छ। स्थिति यस्तै रहने हो, बाह्य शक्तिहरूले कूटनीतिको सट्टा शक्ति मात्र प्रदर्शन गर्ने हो भने विश्व अर्थ व्यवस्थमा महामन्दी आउने छ।

आर्थिक हिसाबले संसारको 'पावर हाउस' मानिएको अमेरिकामा ४० वर्ष यता नै सर्वाधिक महँगी बढेको छ। यो महँगीले निम्न आय भएका अमेरिकीहरूको जीवन कठिन पारिदिएको छ।

अहिले महँगी बढ्नु र मुद्रास्फीति चुलिनुको कारण विश्व उत्पादन र वितरण व्यवस्थमा सुस्ती आएर होइन। कोरोना–कहरपछि विश्व उत्पादन र वितरण व्यवस्था बलियो भएर जुरुक्क उठेको थियो। सन् २०२१ को मध्यदेखि विश्व उत्पादन र वितरण व्यवस्थाले ठीक ढङ्गले काम गर्न प्रारम्भ गरिसकेको छ। अहिले विश्व उत्पादन र वितरण व्यवस्था, जति माग हुन्छ त्यति नै आपूर्ति गर्न सक्षम छ। उत्पादन र वितरण व्यवस्थमा कुनै किसिमको समस्या छैन। विश्व अर्थ व्यवस्थमा समस्या आउनुको एक मात्र कारण हो विश्वका केही नेताहरूले युक्रेनलाई अनावश्यक किसिमले युद्धमा संलग्न गराउनु। युक्रेनमा युद्ध हुनु। त्यसकारण, अहिले विश्व अर्थ व्यवस्थमा अनिश्चितता देखिनुको प्रमुख कारण केही नेताहरूको स्वार्थ र त्यस स्वार्थले जन्माएको युक्रेन युद्ध हो।

आफ्नो सत्ताको आयु लम्ब्याउन भ्लादिमिर पुटिनले युक्रेन वा अन्य कुनै छिमेकी राष्ट्रमा आक्रमण गर्नु अनौठो कुरा होइन। तर वर्तमान अमेरिकी प्रशासनले यो युद्ध रोक्न खास किसिमको कूटनीतिक क्षमता उपयोग नगर्नु अनौठो कुरा हो। बाइडेन–प्रशासनले युक्रेन युद्ध रोक्न विशेष कूटनीति प्रयोग गर्नुपर्थ्यो, गर्न सकेन। वर्तमान बाइडेन–प्रशासनले युक्रेनका राष्ट्रपति भ्लोदोमिर जेलेनेस्कीलाई रूसविरुद्ध युद्ध गर्न हात हतियार दिनुको साटो रूससँग शान्ति सम्झौता गर्न बाध्य पार्नुपर्थ्यो। युक्रेनको युद्ध जुन किसमले अहिले अगाडि बढिरहेको छ, त्यही किसिमले यसलाई अगाडि बढ्न दिने हो भने यसले विश्व अर्थ व्यवस्थालाई तहसनहस पार्नेछ। विश्वभरि गरीबहरूको आर्थिक जीवन झनै कष्टकर हुनेछ। अमेरिकी अर्थतन्त्र पनि समस्याग्रस्त हुनेछ। यस्तो अवस्थामा युक्रेनलाई युद्ध गर्न प्रेरित गर्नुको सट्टा रूससँग शान्तिवार्ता गर्न बाध्य पार्नु बाइडेन–प्रशासनका लागि उचित कूटनीति हुनेछ। यो कुटनीति प्रयोग गर्न बाइडेन–प्रशासन अक्षम देखिएको छ।

युक्रेन युद्धका लागि प्रमुख जिम्मेवार पुटिन हुन्। तर विश्वका प्रभावशाली नेताहरूले बल होइन, कूटनीतिद्वारा उनलाई युद्ध बन्द गर्न दबाब दिनुपर्छ।

रूस र युक्रेन दुवैलाई शान्ति वार्तामा आउन बाध्य पारेर अमेरिकी अर्थतन्त्रमा सुधार ल्याउन नसक्नुको दोष र विश्व अर्थ व्यवस्थमा देखिएको अनिश्चितता हटाउन ठोस प्रयास नगर्नुको अपजस, दुवै बाइडेन–प्रशासनले बोक्नुपर्नेछ, जुन आउँदो अमेरिकी चुनावमा बाइडेन नेतृत्वको डेमोक्रेटी पार्टी पराजित हुन सक्ने कारण बन्न सक्नेछ।

आफ्नो स्वार्थका कारण वा अन्य तत्त्वले असर पारेर, पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्पले रूसी राष्ट्रपति पुटिनसँग राम्रो सम्बन्ध कायम गरेका थिए। ट्रम्पले अन्य राष्ट्रसँग पनि खराब सम्बन्ध राखेका थिएनन्, व्यक्तिगतरूपमा अनेक उपद्रो गरे तापनि। उनको समयमा अमेरिकी अर्थतन्त्र यस किसिमबाट मुद्रास्फीतिको मारमा परेको पनि थिएन। बाइडेन–प्रशासनको यो असफल युक्रेन नीतिले गर्दा आगामी अमेरिकी चुनावमा डेमोक्रेटिक पार्टीको पराजय र रिपब्लिकन पार्टीको विजयको सम्भावना बढेर गएको छ।

माथि गरिएको परिचर्चा हामी नेपालीहरूका लागि जानकारी मात्र हो। विश्व अर्थ व्यवस्थमा सुधार ल्याउन एवं युक्रेन–रूस युद्ध रोक्न हामीले कुनै ठोस भूमिका खेल्न सक्तैनौं। तर पनि माथि गरिएको चर्चा हाम्रो लागि उपयोगी हुन सक्छ।

यो जानकारीले विश्व अर्थ व्यवस्थामा देखिएको अनिश्चितताबाट हाम्रो मुलुकको अर्थ व्यवस्थालाई जोगाउन सहयोग पुऱ्याउन सक्छ। हामीले अनेक किसिमका पूर्व तयारी गर्न सक्छौं।

नेपालमा महँगी अहिले उच्च बिन्दुमा छ। आफ्नो उत्पादन न्यून हुँदै गएको र चीन र भारतको सुरक्षित र अति लाभदायक बजार बन्दै गएको सन्दर्भमा युक्रेनको युद्धले नेपालमा महँगी झनै बढ्ने छ। नेपाललाई महँगीको अति कुप्रभावबाट जोगाउन हामीले अनेक तयारी गर्न अति आवश्यक छ। हामीले मुलुकमा देखिएको महँगी नियन्त्रण गर्न सर्वप्रथम गर्नुपर्ने कार्य हो राष्ट्रिय उत्पादनमा अत्यधिक वृद्धि; भारतबाट ठूलो परिमाणमा भइरहेको आयात प्रतिस्थापन गर्न स्वदेशमा नै विभिन्न वस्तु उत्पादन।

हिमाली एवं पहाडी भूमिको व्यापक प्रयोग हुने किसिमबाट विभिन्न किसिमका कृषि नीति एवं कार्यक्रमहरू पनि स्थानीय एवं सङ्घीय सरकारहरूले ल्याउन आवश्यक छ।

उच्च प्रविधि प्रयोग गरेर, कम लागतमा, ठूलो परिमाणमा कृषि एवं औद्योगिक वस्तुहरू उत्पादन गर्न पनि आवश्यक छ।

यसैगरी हामीजस्ता साना राष्ट्रहरूलाई परोक्ष युद्धबाट अलग रहन यी जानकारीहरूले हामीलाई सहयोग पुऱ्याउन सक्छन्। भारत र चीनले नेपाल भूमि प्रयोग गरेर परोक्ष युद्ध गर्न सक्ने सम्भावना शून्य छ भन्न सकिने स्थिति छैन। हामी कुनै पनि बेला चीन र भारतको परोक्ष युद्धको चपेटमा पर्न सक्छौं। केही महत्त्वाकाङ्क्षी एवं स्वार्थी माओवादी नेताहरूको नेतृत्वमा विसं २०५२ देखि २०६३ सम्म नेपालमा चलेको राज्यविरुद्धको युद्ध पनि परोक्ष युद्ध नै थियो। त्यो परोक्ष युद्ध केही बाठा माओवादी नेताहरूको सहयोग लिएर भारतले नेपालविरुद्ध, नेपाललाई कमजोर पार्न गरेको थियो। भारतको हातहतियार सहितको सहयोग नभएको भए नेपालका ठूला प्रहरी चौकी, सेनाको ब्यारेक, सवारी साधन नै ध्वस्त गर्ने गरी कसरी माओवादी विद्रोहीहरूले आक्रमण गर्न सक्थे ? भारत सरकारले ठूलो मात्रामा हात हतियार माओवादी विद्रोहीहरूलाई उपलब्ध गराएको थियो।

तर अब हामी त्यस किसिमको परोक्ष युद्धमा संलग्न हुनुहुँदैन। परोक्ष युद्ध किन र के लागि गरिन्छ हामीलाई थाहा छ।

---

### वनक्षेत्र र सार्वजनिक....

करीब ८० सय मिटरभन्दा बढी चौडाइ र तीन सय मिटरभन्दा बढी लम्बाइको जमीनमा कब्जा जमाउन ढुङ्गाको पर्खाल लगाउँदै खनजोत गर्न थालेपछि लालका स्थानीयहरूले चर्को विरोध गरेपछि डिभिजन वन कार्यालय, बारामा मुद्दा दर्ता भएसँगै सो जमीन लोप्चनले भोगचलन गर्न सकेका छैनन्। उक्त वनक्षेत्र र सार्वजनिक जमीनमा करीब तीन लाख खर्च गरेर पर्खाल लगाएर खनजोत गर्न नसक्ने भएपछि उनले सो जमीन सात महीनाअघि सुटुक्क बिक्री गरेको लालमा चर्चा चल्दै आइरहेको छ।

सार्वजनिक जमीन व्यक्तिले अतिक्रमण, कब्जा गरेको जानकारी पाएपछि डिभिजन वन कार्यालय, बारा र मातहतका निकाय रतनपुरी सबडिभिजन वन कार्यालयका प्रमुख एवं सहायक वन अधिकृत रविकान्त श्रीवास्तवले आधार प्रमाण बारा वन कार्यालयमा बुझाउन अढाई वर्षअघिदेखि नै मौखिक तथा लिखित पत्राचार गरे पनि लोप्चन अहिलेसम्म केही प्रमाण वन कार्यालयलाई नबुझाएको बताए। "हामीले पटक–पटक पत्राचार गऱ्यौं र मौखिक जानकारी पनि गरायौं। तर केही आधार प्रमाण ल्याउन सकेन," सवअ श्रीवास्तवले भने।

व्यक्तिको नाममा रहेको जमीन किनबेच गर्ने कानूनी अधिकार रहे पनि सार्वजनिक जग्गा बिक्री गर्ने, किन्ने र नापनक्शा गर्ने सबै पक्ष कानूनी कारबाहीको भागीदार हुने डिभिजन वन कार्यालय, बाराका प्रमुख एवं डिएफओ विनोद सिंहले बताए। वनक्षेत्र, नदी उकास क्षेत्र, सार्वजनिक जमीनलगायत अन्य प्रकृतिको जमीन वनक्षेत्रभित्र पर्ने भएकोले जथाभावी नापनक्शा, किनबेचलगायतका कार्य गैरकानूनी हुने र वन ऐन, नियम आकर्षित हुने डिएफओ सिंहले बताए।

जिल्ला मकवानपुर बकैया गाउँपालिका वडा नं ६ भालुखोलानजीकै चुरेमा वर्षौंदेखि बसोबास गर्दै आएका सुमन सिं लोप्चनले ढुङ्गाको पर्खाल लगाएर बाराको तीन बिघाभन्दा बढी राष्ट्रिय वनक्षेत्र, सार्वजनिक जमीन अतिक्रमण गरे पनि सम्बन्धित निकायले यसको छिनोफानोमा आलटाल गरिरहेको भन्दै लालका सचेत स्थानीयहरू आक्रोशित भएका छन्।

लोप्चनले चुरे डाँडाको निजी जमीन सम्याउने नाउँमा आइई रिपोर्टविना नै डाँडा नै गायब हुनेगरी एक्साभेटरले उत्खनन गर्दै एक करोडभन्दा बढी मूल्यको ढुङ्गा बिक्री गरे पनि कानूनी कारबाही नभएको लालका स्थानीयहरूको भनाइ छ।

लोप्चनले आफ्नो जमीन यकीन गरी सुरक्षित गर्ने नाउँमा लालबकैया खोला मुहान रहेको सिंचाइ कुलोसम्म पर्खाल लगाउने भएपछि कालान्तरमा सहजरूपमा जान आउन समस्या पर्ने भन्दै सोको विरोध गर्दै लालबकैया कृषक सिंचाइ उपभोक्ता संस्था लालले रतनपुरी सबडिभिजन वन कार्यालयमा उजूरी दिएको थियो। सो उजूरीपछि विवाद चर्कने देखेपछि लोप्चनले सिंचाइको मुहानसम्म जानका लागि छ मिटर चौडाइको बाटो दिने कागजी सहमति गरेपछि उजूरी दिने लालबकैया कृषक सिंचाइ उपभोक्ता संस्था लाल पछि हटेपछि जमीन कब्जा गर्न लोप्चनको मनोबल बढेको हो। यसरी वनक्षेत्र, सार्वजनिक जमीन कोही कसैलाई दिन वा उपलब्ध गराउने कानूनी अधिकार लोप्चनलाई नभएको लालका स्थानीयहरूले भने।

यता विवादित क्षेत्रका जमीनमा किल्ला गाड्ने कार्य हालका लागि स्थगन गर्न आफूले सर्भे टोली, जनप्रतिनिधि र कर्मचारीलाई भनिसकेको बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेले बताए।

सिमाना विवादलाई टुङ्ग्याउन आफूले मकवानपुरका प्रमुख जिल्ला अधिकारीलाई पनि जानकारी गराइसकेको अध्यक्ष लामिछानेले बताए।

सो अतिक्रमित जमीनदेखि ३/४ सय मिटर पूर्व–दक्षिणतर्फ निजगढ हुँदै काठमाडौं जोड्ने द्रुतमार्ग गएको छ।


## Katahariya Multiple Campus

Katahariya-5, Rautahat

### Invitation for Bids

Date of publication: 2079/05/10

1. Katahariya Multiple Campus Katahariya-5, Rautahat invites sealed bids from Nepalese eligible bidders for the construction of Academic Building (super structure) for Katahariya Multiple Campus under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. 50,00,000 (inclusive VAT and PS).
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Katahariya Multiple Campus Katahariya-5, Rautahat, katahariyamcampus@gmail.com. 9845374541 & 9855042424.
3. A complete set of Bidding Documents may be purchased from the office of Katahariya Multiple Campus Katahariya-5, Rautahat by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs 3000 (Rs Three Thousand) till 2079/06/)07 during office hours.

**Information to deposit the cost of bidding document in Bank:**

Name of the Bank: Rastriya Banijya Bank Garuda Bazar
Name of Office: Katahariya Multiple Campus
Office Account no.: 1710100001970001 (for Revenue and Dharauti Amount)

4. Pre-bid meeting shall be held at Office of Katahariya Multiple Campus Katahariya at 2:00 pm on 2079/05/28.
5. Sealed bids must be submitted to the office of Katahariya Multiple Campus Katahariya-5, Rautahat by hand till 2078/06/09 before 1:00 pm. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 pm on 2079/06/09 at the office of Katahariya Multiple Campus Katahariya-5, Rautahat. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security, amounting to a minimum of Rs. 1,50,000, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120 days from date of opening).
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Procurement Details**

| S.N. | Contract No. KMC/UGC/NCB/WORKS | Description of Works | Total Estimated amount Inclusive VAT and PS (Nrs.) | Bid Security Amount | Bid Document Price (Nrs.) | Last Date and Time of Bid Submission |
|---|---|---|---|---|---|---|
| 1 | 01/2079/080 | Construction of Academic Building (super Structure) for KM Campus | Rs.50,00,000 | Rs.1,50,000 | Rs.3,000 | 2079/06/09 on or before 1:00 pm |

# समृद्धिका लागि युवा

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**आज जति युवाशक्ति खेर गइरहेको छ, त्यो विकासोन्मुख र अतिकम विकसित मुलुकहरूमा नै छ। युवाशक्ति परिचालन गरी स्वस्थ र समृद्ध समाज निर्माण गर्ने सरकारसँग योजना हुनुपर्छ। युवाशक्ति परिचालन गरी आर्थिक क्रियाकलापमा उपयोग गर्दा अर्थतन्त्र सबल बन्दै जान्छ।**

नेपालजस्तो विकासोन्मुख देशको उन्नतिको आधार नै उपलब्ध स्रोत साधन एवं जनशक्तिको उच्चतम उपयोग गर्नु हो । तर कोभिडले शिथिल पारेको अर्थतन्त्रलाई चलायमान गराउनु र व्यापक रोजगार सिर्जना गर्नु नेपालका लागि ठूलो चुनौतीका रूपमा देखापरेको छ । कुल जनसङ्ख्यामा विभिन्न उमेर समूहको अनुपातमा आएको फेरबदलका आधारमा पनि मुलुकको आर्थिक समृद्धि प्रभावित हुने काम गर्दछ । कुनै पनि मुलुकका लागि युवाको बाहुल्यता भएको समयावधि ५०–६० वर्षको हुन्छ । त्यसपछिको अवधि भनेको अहिलेका युवा वृद्धावस्थामा प्रवेश गर्ने अवधि हो। यो अवधिमा अधिकांश, केटाकेटी सरह बसीखाने आश्रित समुदायमा पर्दछन् । उमेर बढ्दै जाँदा उपचार खर्च पनि बढ्छ र सोही अनुसार स्वास्थ्यकर्मी र अस्पतालको सङ्ख्या वृद्धि गर्नुपर्ने हुन्छ । अन्ततः यसले सरकारकै खर्च बढाउँछ । वृद्ध भत्ता, पेन्सनजस्ता सामाजिक सुरक्षाभत्तामा बर्सेनि ठूलो धनराशि छुट्याउनुपर्दा राज्यले ठूलो व्ययभार बोक्नुपर्ने हुन्छ। यसरी एकातिर राज्यको व्ययभार बढ्ने, अर्कोतिर आर्थिकरूपले सक्रिय उमेर समूहको अनुपात घट्दा आर्थिक वृद्धिमा प्रतिकूल असर पर्ने सम्भावना रहन्छ ।

युवाको जोश, जाँगर र नयाँ विचारलाई उत्पादनमूलक आर्थिक क्रियाकलापमा लगाउँदा अर्थतन्त्र समुन्नतितर्फ लम्कन्छ । युवामा अथाह साहस, जोश, जाँगर र क्षमता छ, जुन नेपालका सन्दर्भमा दिनानुदिन खेर गइरहेको छ। उनीहरू भोलिका कर्णधार मात्र होइनन्, आजका आर्थिक सामाजिक परिचालक पनि हुन् । त्यसैले युवाको ऊर्जालाई मुलुकको अर्थतन्त्रको सुधारका लागि लगाउनुपर्ने अहिलेको आवश्यकता हो । समय क्रमसँगै नेपालले विभिन्न देशसँग कूटनैतिक सम्बन्ध अगाडि बढाउँदै रोजगारका लागि श्रम स्वीकृति लिँदै आएको छ । नेपालमा शिक्षा क्षेत्रको विकास भइरहे पनि विकसित राष्ट्रहरूका विद्यालय तथा विश्वविद्यालयजस्तो गुणस्तर कायम हुन सकेको छैन। त्यसैले वैज्ञानिक शिक्षा नीति अङ्गीकार गरेर कुन क्षेत्रमा कति जनशक्ति आवश्यक छ भन्नेतर्फ राज्य गम्भीर हुनै पर्दछ। अहिले विश्वविद्यालयबाट उत्पादित यस्ता जनशक्ति जापान, अमेरिका, क्यानडा जस्ता मुलुकमा जान थालेका छन् । जसलाई बौद्धिक पलायन भन्ने गरिन्छ। उच्च शैक्षिकस्तर हुनेहरू रोजगार तथा थप अध्ययनका लागि विकसित देशहरूमा गइरहेका छन् भने निम्न शैक्षिक स्तर हुनेहरू खाडी मुलुकमा थोरै पैसामा श्रम बेचन म्यानपावर कम्पनीमा लर्को लागिरहेका छन्। यसरी हेर्दा विकसित भनिएका मुलुकमा दक्ष श्रमिक जानेभन्दा पनि विद्यार्थी भिसामा अध्ययनका लागि गई अध्ययन सकेर दक्ष श्रमिकको रूपमा काम गरिरहेको पाइन्छ ।

यसरी विश्वव्यापीकरणसँगै सिङ्गो विश्व एउटा गाउँ भएको छ। सञ्चार एवं प्रविधिको क्षेत्रमा आएको फड्को सँगसँगै वैदेशिक रोजगारमा रहेका नेपालीका सामु पनि अवसर र चुनौती एक साथ रहेका छन्। विदेशमा रहँदा विकसित मुलुकले गरेको विकास पछाडिका रहस्य बुझ्ने सबैभन्दा ठूलो अवसर प्राप्त भएको छ । विकासका लागि शासन व्यवस्था, सरकारका अङ्गहरूले प्रदान गर्ने सेवा सुविधा, सार्वजनिक प्रशासनको चुस्तदुरुस्त सेवा प्रवाह, सुशासन र अझ भनौं समयको महत्त्व तथा अनुशासन महत्त्वपूर्ण पक्ष हुन् । सही व्यक्ति सही समयमा सही ठाउँमा भएन भने देशको भविष्य अन्धकार हुन्छ । त्यसरी नै अनुशासन मानव जगत्को गहना हो, भाग्यमाथिको अन्धविश्वास अनुशासन होइन । अर्को महत्त्वपूर्ण अवसर भनेको वैदेशिक रोजगारमा रहँदा सिकेको सीप नेपालको हावापानी अनुसार केही परिमार्जनसहित प्रयोग गर्न पाउने अवसर पनि हो। अहिले केही युवाले रगत र पसिना नेपालमा नै बगाउनुपर्छ, सुन फल्छ भन्दै विभिन्न उद्यमशीलतामा लागेर सबैलाई हौसला प्रदान गरेका छन् । आजका विकसित मानिएका राष्ट्रहरू त्यसै विकसित भएका होइनन्, त्यहाँका कम्तीमा एक–दुई पुस्ताले अधिक श्रम गरेर सम्भव भएको हो । त्यो सोचको विकास गरेर हामीले विकासको नेतृत्व गर्न सक्छौं कि सक्दैनौं भन्ने चुनौती छ। समय र अनुशासनको पालना गर्दै श्रमको सम्मान गर्न सक्छौं कि सक्दैनौं, बोली र व्यवहारमा एकरूपता ल्याउन सक्छौं कि सक्दैनौं, आफूले प्राप्त गरेका अधिकारलाई जिम्मेवारपूर्वक कर्तव्यमा ढाल्न सक्छौं कि सक्दैनौं, विदेशी भूमिमा भएर पनि नेपालमैं जसरी हल्ला गर्ने, उद्दण्डता देखाउने, नियम–कानून मिचेकोमा गर्व गर्ने गर्छौं कि सभ्य नागरिक भएर बाँच्न सिक्छौं । अहिलेको अहम् प्रश्न हो ।

काम गरे नै मुलुकको विकास र समृद्धि हुन्छ । भाषण र गफले हुँदैन भन्ने विगतको अनुभवले पुष्टि भइसकेको छ । विकास र समृद्धिका लागि मुख होइन, हात र यन्त्र चलाउन सक्नुपर्छ । यसका लागि युवा समूहको भूमिका महत्त्वपूर्ण हुन्छ । विकास पूर्वाधारको निर्माण र उपयुक्त आर्थिक नीतिमार्फत लगानी र श्रम गर्नेलाई उत्साहित गर्नु राज्यको प्रमुख दायित्व हो । १५ देखि ६५ सम्मको उमेर समूहलाई कामकाजी वा आर्थिकरूपले सक्रिय हुन सक्ने जनशक्ति मानिन्छ । २०७८ सालको राष्ट्रिय जनगणना अनुसार यस उमेर समूहको अनुपात ६७ प्रतिशत रहेको अनुमान छ। तीमध्ये पनि ४० प्रतिशत युवा उमेर समूहका नै छन्। यसरी आर्थिकरूपले सक्रिय हुन सक्ने उमेर समूहको जनसङ्ख्याको अनुपात अधिक हुनुलाई जनसाङ्ख्यिक लाभ उपलब्ध भएको भनिन्छ । यस्तो लाभको उपयोग गरी मुलुकलाई विकास र समृद्धिको बाटोमा डोऱ्याउन सकिन्छ । नेपालमा दश वर्ष अघि जनसङ्ख्या वृद्धिदर १.३५ प्रतिशत रहेकोमा विसं. २०७८ मा यो दर घटेर ०.९३ प्रतिशतमा झऱ्यो । २०४६–०४७ मा ५५ वर्षसम्म रहेको सरदर आयु अब ७१ वर्ष पुगेको अनुमान छ। जनसङ्ख्यामा वृद्धिदरको कमी र औसत आयुको वृद्धि मात्रैलाई नियाल्ने हो भने पनि नेपाल छिटै वृद्धबहुल मुलुकको समूहमा प्रवेश गर्ने देखिएको छ ।

अनुत्पादक उमेर समूहको जनसङ्ख्याको अनुपात बढी भएमा परिवार तथा राज्यलाई अत्यधिक आर्थिक भार वहन गर्नुपर्ने स्थिति आउँछ। आर्थिकरूपले सक्रिय हुन सक्ने उमेर समूहलाई पनि उत्पादनमूलक कामधन्धामा लगाउन नसक्दा समाजमा विविध किसिमका समस्या देखा पर्न सक्छ। यिनै युवालाई उत्पादनमा लगाउन सके मुलुकको विकास र समृद्धिका लागि धेरै समय पर्खनुपर्दैन। यसका लागि राज्यले उत्पादनलाई प्रोत्साहन गर्ने र बजार व्यवस्थापनमा सहयोग गर्नैपर्ने देखिन्छ। पूँजी नभएर देश विकसित नभएको होइन, भएको पूँजीको उचित व्यवस्थापन गरी उत्पादनमुखी क्षेत्रमा लगानी गर्दै मुलुकमा नै रोजगारको अवसर सिर्जना गर्न नसक्नु नै हो। त्यसैले विप्रषणमुखी अर्थतन्त्रलाई उत्पादनमुखी अर्थतन्त्रमा रूपान्तरण गर्दै लैजानुपर्दछ जसले गर्दा विदेशी हस्तक्षेपमा न्यूनीकरण भई परनिर्भरता अन्त्य हुँदै आत्मसम्मानको प्रत्याभूति हुने गर्दछ । आफ्नै राष्ट्रमा पसिना बगाउने अवसर प्राप्त भयो भने खाडीको बालुवालाई हराभरा बनाउन सक्ने नेपालीले नेपाललाई साँच्चीकै स्वर्ग बनाउन सक्छन् भन्ने प्रत्याभूतिको विकास गर्न सकिन्छ।

नेपालमा बेरोजगारी र अर्धबेरोजगारी सङ्ख्या बढी भएकोले जनसाङ्ख्यिक लाभको उपयोग भएको देखिंदैन। यसको उपयोगलाई मापन गर्ने महत्त्वपूर्ण समष्टिगत परिसूचक कुल गार्हस्थ्य बचतमा पनि वृद्धि भएको पाइँदैन। आर्थिकरूपले सक्रिय हुन सक्ने उमेर समूहको अनुपात ६७ प्रतिशत बढेको देखिंदासमेत कुल गार्हस्थ्य बचत १० प्रतिशत वरिपरि घुमिराखेको देखिन्छ। यसले पनि युवा जनशक्तिलाई उत्पादनमा उपयोग गर्न राज्यले सकेको छैन भन्ने देखिएको छ। विकासका कर्णधार भनेको नै युवा वर्ग हो । त्यस वर्गको उत्पादनशीलता उपयोग नहुनु भनेको युवा बेरोजगारी हुनु त हो नै, देशले विकासको सुनौलो अवसर गुमाउनु पनि हो ।

कुल जनसङ्ख्यामा युवा समूहको बढ्दो अनुपात मुलुकको विकासका लागि वरदान मानिए पनि ठूलो सङ्ख्या हुँदैमा स्वचालितरूपमा आर्थिक विकास र समृद्धि हुन सक्दैन। श्रम उत्पादकत्वको आयाम वृद्धि गर्न सकिन्छ भने कतिपय स्थितिमा श्रमलाई रोजगार अनुकूल बनाएर काममा लगाउन सकिन्छ । हिजोआज उत्पादनमा श्रम, पूँजी र प्रविधिबीच सन्तुलित प्रयोगले युवाका लागि व्यापक रोजगार सिर्जना गरेको देखिएको छ । सर्वसुलभ गुणस्तरीय शिक्षा, स्वास्थ्य, तालीम आदिको विस्तारबाट राज्यले भविष्यमा श्रम उत्पादकत्वमा अनुकूल प्रभाव पार्न सक्छ र रोजगार सिर्जना गर्छ। व्यावसायिक शिक्षा तथा तालीमबाट श्रमलाई उत्पादनसँग जोड्दा रोजगारको अवसर सिर्जनामा सहयोग पुग्ने देखिन्छ। राज्य र निजी क्षेत्रले रोजगारको अवसर सिर्जना नगरेसम्म जनसाङ्ख्यिक लाभले सार्थक रूप लिन सक्दैन ।

अन्त्यमा राजनीतिक स्थिरता र सुशासन, शान्ति र सुरक्षाको प्रत्याभूति न्यूनतम आवश्यकताको पूर्तिको ग्यारेन्टी, भ्रष्टाचारको अन्त्य र सुनिश्चितताजस्ता महत्त्वपूर्ण पक्षमाथि सरकार र राजनीतिक दलका नेतृत्वले विशेष ध्यान दिनुपर्दछ । यति गर्न सकियो भने थोरै समयमा पनि विकास र आर्थिक समृद्धिको फड्को मार्न सकिन्छ । जुन देशमा युवा परिचालन हुँदैन, त्यो देशमा आर्थिक विकास सम्भव छैन । आज जति युवा शक्ति खेर गइरहेको छ, ती सबै विकासोन्मुख र अतिकम विकसित मुलुकहरूमा नै छ। युवाशक्ति परिचालन गरी स्वस्थ र समृद्ध समाज निर्माण गर्ने सरकारसँग योजना हुनुपर्छ । युवाशक्ति परिचालन गरी आर्थिक क्रियाकलापमा उपयोग गर्दा अर्थतन्त्र सबल बन्दै जान्छ। यसबाट दिगो आर्थिक विकासतर्फ अर्थतन्त्र लम्किन्छ। आवश्यकता अनुरूप योग्यता, क्षमता र सीपले प्रश्रय पाउँछ । नीति निर्माण तहमा आवश्यक जनशक्ति पुऱ्याउँछ। देशको स्रोत–साधनमा अधिकार जमाउने हैन, अवसर सिर्जना गर्न राजनीति गर्ने हो भन्ने चेतना विकास हुन्छ ।

गरीबी र पछौटेपन हटाउन सक्षम युवाशक्तिलाई नीतिगत ढङ्गबाटै परिचालन गर्न आवश्यक छ। युवाशक्तिको बेवास्ताले ऊर्जाशील जीवन खेर गइरहेको छ । युवाशक्तिलाई आर्थिक क्षेत्रमा सक्रिय राख्न र आर्थिक उत्पादन सिर्जना गर्न राज्य गम्भीर हुनुपर्दछ । यसले युवामा उत्साह, कर्तव्य र जिम्मेवारी बढाउँछ। सेवाभाव सिर्जना गर्छ। संस्कार, संस्कृति, आदर सम्मानको बोध गराई सामाजिक परिपक्वता प्रदान गर्छ । अनि मात्र मुलुकको आर्थिक विकास र समृद्धि सम्भव हुन्छ ।

## सामुदायिक विद्यालयहरूलाई सेनेटरी प्याड र भाँडाबर्तन

प्रस, गरुडा, ९ भदौ/

रौतहटको गरुडा नगरपालिकाले सामुदायिक विद्यालयहरूलाई सेनेटरी प्याड र भाँडाबर्तन उपलब्ध गराएको छ ।

नगरका सामुदायिक विद्यालयहरूमा चलिरहेको विद्यालय खाजा कार्यक्रमको लागि विद्यार्थीको निम्ति खाजा पकाउने भाँडाको अभाव रहेको र धेरै विद्यालय भाँडा किन्न अक्षम रहेको गुनासो आएपछि नगरपालिकाले सामुदायिक विद्यालयहरूलाई भाँडा उपलब्ध गराएको हो ।

यसैगरी, विद्यालयमा पढ्ने किशोरीहरूको सुविधाको लागि निश्शुल्क सेनेटरी प्याड पनि विद्यालयहरूलाई उपलब्ध गराएको छ ।

गरुडा नगरपालिकामा २४ वटा सामुदायिक विद्यालय छन् । सबै सामुदायिक विद्यालयलाई पुग्ने भाँडा तथा सेनेटरी प्याडको व्यवस्था भएको नगरप्रमुख कन्थमणिप्रसाद कलवारले बताए ।

विद्यालयहरूलाई आवश्यक पर्ने सहयोग गरिरहने नगरप्रमुख कलवारको भनाइ छ ।

विद्यालयहरूलाई भाँडाबर्तन तथा सेनेटरी प्याड उपलब्ध गराउने कार्यक्रममा उपप्रमुख पूनमकुमारी चौधरीको पनि सहभागिता थियो ।



तस्वीरः प्रतीक

## स्वास्थ्य शिक्षासम्बन्धी एक दिने तालीम

प्रस, सिम्रौनगढ, ९ भदौ/




बिहीवार बाराको सिम्रौनगढ नगरपालिका–७ स्थित कङ्काली माध्यमिक विद्यालयको विद्यालयका शिक्षकहरूको लागि स्वास्थ्य शिक्षासम्बन्धी एक दिने तालीम

(बाँकी पाँचौं पातामा)

## महायज्ञमा दान गर्नेहरूको सूची बढ्यो

प्रस, पर्सागढी, ९ भदौ/

पर्सागढी नगरपालिका–३ रामटोलस्थित श्रीकृष्ण मन्दिर निर्माणका लागि शुरू भएको श्रीमद्भागवत महापुराण सप्ताहमा सहयोग गर्नेहरूको सूची बढ्दो छ ।



तस्वीरः प्रतीक

भदौ २ गतेदेखि शुरू भएको श्रीमद्भागवत महापुराणको सातौं दिन आठ लाख ७० हजार सङ्कलन भएको समितिका अध्यक्ष शम्भु कुँवर क्षत्रीले बताए । उनले मन्दिर निर्माण शुरू भएपछि आफ्नो संसदीय कोषबाट प्रदेशसभा सदस्य आशियादेवी थरुनीले रु ११ लाख सहयोग गर्ने घोषणा गरेको बताए ।

यसैगरी, नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य अजय चौरसियाले सिमेन्ट, छड उपलब्ध गराउने घोषणा गरेका छन् । वीरगंज महानगरपालिकाका नरेश साहले मन्दिर निर्माणमा लाग्ने इँटा सहयोग गर्ने घोषणा गरेका छन् । सप्ताहमा तुलादान कार्यक्रमको आयोजना पनि गरिएको थियो। महापुराणको आठौं दिन

(बाँकी पाँचौं पातामा)


Jay Kisan Multiple Campus
Dharahari-9, Rautahat

**Invitation for Bids**

Date of publication: 2079/05/10

1. Jay Kisan Multiple Campus Dharahari-9, Rautahat invites sealed bids from Nepalese eligible bidders for the construction of Academic Building (super structure) for Jay Kisan Multiple Campus under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. 50,00,000 (inclusive VAT and PS).
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Jay Kisan Multiple Campus Dharahari-9, Rautahat, ramprakashyadav838@gmail.com. 9855042181 & 9864844373.
3. A complete set of Bidding Documents may be purchased from the office of Jay Kisan Multiple Campus Dharahari-9, Rautahat by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs 3000 (Rs Three Thousand) till 2079/06/)07 during office hours.

**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: Rastriya Banijya Bank Garuda Bazar
Name of Office: Jay Kisan Multiple Campus
Office Account no.: 1710100001917001 (for Revenue and Dharauti Amount)

4. Pre-bid meeting shall be held at Office of Jay Kisan Multiple Campus Dharahari at 2:00 pm on 2079/05/28.
5. Sealed bids must be submitted to the office of Jay Kisan Multiple Campus Dharahari-9, Rautahat by hand till 2078/06/09 before 1:00 pm. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 pm on 2079/06/09 at the office of Jay Kisan Multiple Campus Dharahari-9, Rautahat. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security, amounting to a minimum of Rs. 1,50,000, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120 days from date of opening).
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Procurement Details**

| S.N. | Contract No. | Description of Works | Total Estimated amount Inclusive VAT and PS (Nrs.) | Bid Security Amount | Bid Document Price (Nrs.) | Last Date and Time of Bid Submission |
|---|---|---|---|---|---|---|
| 1 | JKMC/UGC/NCB/WORKS 01/2079/080 | Construction of Academic Building (super Structure) for JKM Campus | Rs.50,00,000 | Rs.1,50,000 | Rs.3,000 | 2079/06/09 on or before 1:00 pm |

# अन्तर्राष्ट्रिय समाचार

## पाकिस्तान : आतङ्कवाद मुद्दामा इमरान खानलाई जमानत

इस्लामाबाद, ९ भदौ/एएनआई

पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानलाई सुरक्षात्मक जमानत स्वीकृत गरिएको छ।

पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानलाई सङ्घीय राजधानी इस्लामाबादका अतिरिक्त इजलास न्यायाधीश जेबा चौधरी र प्रहरी अधिकारीलाई धम्की दिएको आरोपमा दर्ता गरिएको आतङ्कवादको मुद्दामा सेप्टेम्बर १ सम्मका लागि सुरक्षात्मक जमानत स्वीकृत गरिएको हो।

इस्लामाबादको आतङ्कवाद नियन्त्रण अदालतले पाकिस्तान तेहरिक–ए–इन्साफ (पिटिआई)का प्रमुख खानलाई बिहीवार अन्तरिम जमानत प्रदान गरेको हो।

उनलाई एक लाख रुपैयाँको जमानतका लागि स्वीकृत दिइएको हो। इस्लामाबादका सदर मजिस्ट्रेट अली जावेदको उजूरीका आधारमा इमरान खानविरुद्ध आतङ्कवादको मुद्दामा शनिवार अबेर राति मुद्दा दर्ता गरिएको थियो।



तर पूर्वप्रधानमन्त्री खानलाई एक लाख रुपैयाँ धरौटीमा रिहा गरिएको र उनलाई सेप्टेम्बर १ सम्ममा अदालतमा उपस्थित हुन आदेश दिइएको छ। यद्यपि अदालतले पिटिआईका वकील बाबर अवानको थप जमानतको अनुरोधलाई अस्वीकार गरेको छ। रासस

## झारखण्डका मुख्यमन्त्री सोरेनलाई मुख्यमन्त्री रहन अयोग्य घोषणा गर्न सिफारिश

नयाँ दिल्ली, ९ भदौ/सिन्ह्वा



भारतीय निर्वाचन आयोगले झारखण्डका मुख्यमन्त्री हेमन्त सोरेनमाथि भ्रष्टाचारको आरोप लागेपछि उनलाई अयोग्य घोषित गर्न सिफारिश गरेको छ।

सोरेन राजनीतिक दल झारखण्ड मुक्ति मोर्चाका नेता हुन् र राज्यमा गठबन्धन सरकारको नेतृत्व गरेका छन्। पछिल्लो राजनीतिक घटनाक्रमपछि उनले आफ्नो दलका सबै सांसदलाई राज्यको राजधानी राँचीमा भेला भई छलफल गर्न र थप कार्यदिशा तय गर्न बोलाएका छन्। सोरेन झारखण्डको मुख्यमन्त्री हुँदा आफू र आफूनिकटका व्यक्तिलाई खानीको ठेक्का दिने कार्यमा संलग्न रहेको आरोप लागेको छ। राज्यका पूर्वमुख्यमन्त्री रघुवर दास, जो वर्तमान विपक्षी भारतीय जनता पार्टी (भाजपा) का सदस्य हुन्, उनले सोरेनविरुद्ध निर्वाचन आयोगमा उजूरी दिएका थिए। आरोपपछि निर्वाचन आयोगले मुख्यमन्त्री हेमन्त सोरेन र उनका भाइ वसन्त सोरेनको सुनुवाइ गरेको थियो। स्रोतका अनुसार निर्वाचन आयोगले राज्यका राज्यपाल रमेश बैसलाई सिफारिश गरेको थियो, जसले भाजपाका रघुवर दासको उजूरी प्राप्त भएपछि निर्वाचन आयोगको राय मागेका थिए। यसैबीच, मुख्यमन्त्रीको कार्यालयले बिहीवार मुख्यमन्त्रीको अयोग्यताबारे कुनै आधिकारिक जानकारी प्राप्त नभएको जनाएको छ। निर्वाचन आयोगको सिफारिशपछि राज्यका गभर्नरले सोरेनको अयोग्यताबारे निर्णय लिने अपेक्षा गरिएको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – वाहनकष्ट | वृष – विजय |
| मिथुन – कान्तिक्षय | कर्कट – भाग्योदय |
| सिंह – व्यर्थभ्रमण | कन्या – प्रसन्नता |
| तुला – पदोन्नति | वृश्चिक – राज्यभय |
| धनु – कष्टानुभूति | मकर – नारीसुख |
| कुम्भ – शत्रुभय | मीन – चोरभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याहन १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

### वीरगंज महानगरपालिकाको सूचना

हरेक बार खाना चार,
यही नै हो पोषणको आधार।

वीरगंज महानगरपालिका कार्यालय

मधेस प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, पर्सा, वीरगंज**

### सूची दर्ता गर्नेसम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मितिः २०७९/५/९

यस कृषि ज्ञान केन्द्रको आव २०७९/८० मा आवश्यक पर्ने तपसिल बमोजिमका सेवाहरू खरीद गर्नुपर्ने भएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा ६ (क) र सार्वजनिक खरीद नियमावली २०६४ को परिच्छेद ३ को नियम १८ (१) बमोजिम मौजुदा सूचीमा सूचीकृत/अद्यावधिक हुन चाहने इच्छुक व्यक्ति, फर्म, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैरसरकारी संस्था वा सेवाप्रदायकहरूको व्यावसायिक इजाजतपत्र, संस्था वा फर्म दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रको प्रतिलिपिसहितको आफूले सेवा प्रदान गर्न सक्ने देहाय बमोजिमका सेवाहरूको विवरण उल्लेख गरी सोही नियमावली अनुसूची–२ (क) बमोजिमको ढाँचामा विवरण भरी आवेदन पेश गर्नुहुन अनुरोध छ।

तपसिलः

१) स्टेशनरी मसलन्द तथा कार्यालय सामग्रीहरू,
२) फर्निचर तथा फिनिसिङसम्बन्धी सामग्रीहरू,
३) मेशिन र अन्य आपूर्ति तथा मर्मतसम्बन्धी कार्यहरू,
४) मल, बीउ, केमिकल र कृषि सामग्रीहरू तथा औजार उपकरणहरू,
५) छपाइ तथा छपाइ सामग्री आपूर्ति,
६) सार्वजनिक निर्माण कार्य तथा मर्मतसम्भार कार्यका लागि सामग्री तथा औजारहरू,
७) सवारीसाधन खरीद, सवारी मर्मतसम्बन्धी कार्यहरू,
८) विज्ञापन प्रकाशन तथा प्रसारणसम्बन्धी सेवा आदि।

**मुन्नीलाल प्रसाद (नि. केन्द्र प्रमुख) कृषि प्रसार अधिकृत (आठौं तह)**

### स्वास्थ्य शिक्षासम्बन्धी ...

सभाकक्षमा सम्पन्न भएको छ।

सिम्रौनगढ नगरपालिकाका प्रमुख किशोरीप्रसाद कलवारको प्रमुख आतिथ्य तथा शिक्षा संयोजक कमलेश अग्रहरिको अध्यक्षतामा भएको तालीममा शिक्षकहरूलाई छात्रछात्राहरूको दृष्टिदोष पहिचान गर्नेसम्बन्धी तालीम दिइएको थियो। तालीममा बाह्य कार्यक्रम संयोजक रमेश घिमिरे र उमाकान्त कुमारले सहजीकरण गरेका थिए।

तालीममा सिम्रौनगढ नपाका स्वास्थ्य संयोजक विजय ठाकुर, कङ्काली माविका प्रधानाध्यापक ध्रुवप्रसाद कुशवाहा, नगरपालिका अन्तर्गतका विद्यालयहरूका प्रअहरूको सहभागिता थियो।

### महायज्ञमा दान....

पर्सागढी नगरपालिका–३ का बालेश्वर, रामचन्द्र, रामअयोध्या र रामबालकप्रसाद यादवले स्व पिता सुनरराउत अहिरको नाममा आमा शिवकली देवी अहिरिनको तौल बराबर सिक्का तुलादान गरेका थिए।

सप्ताहमा आचार्य पण्डित विष्णुहरि बराल प्रमुख वाचक र उपवाचक पण्डित उपबहादुर भण्डारीले कथावाचन गर्दैछन्।

बिहीवार महायज्ञको कथावाचन श्रवण गर्न नगरप्रमुख गोकर्ण पाठक र उपप्रमुख पूजा चौधरी यज्ञस्थल पुगेका थिए।

कलैया उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कलैया, बारा, मधेश प्रदेश, (नेपाल)

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०७९ ।०५ ।१० गते

यस कार्यालयको निम्न बमोजिमको ठेक्का मिति २०७९ ।०३ ।१७ गते अन्नपूर्णा पोस्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित दरभाउपत्रसम्बन्धी सूचना बमोजिम दर्ता भएका दरभाउपत्रहरू मध्ये तपसिल बमोजिमका दरभाउपत्र स्वीकृत गर्न मूल्याङ्कन समितिको सिफारिस भई आएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ (संसोधन सहित) को दफा २७ उपदफा २ अनुसार सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित दर भाउपत्र दाताहरूका लागि यो आशयको सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.सं. | ठेक्का नं. | मू.अ.कर समेतको कबोल रकम | सारभूत रूपमा प्रभावग्राही फर्मको नाम |
|---|---|---|---|
| १ | जि.शा. १०/०७८/७९ | रु. ३५,३९,३२९।५० | बिक्कि ईन्टरप्राजेज, कलैया, बारा |

मधेस प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, पर्सा, वीरगंज**

फोनः ०५१–५२१८७९
इमेलः agriscienceparsa@gmail.com

### प्रस्ताव आह्वानसम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मितिः २०७९/५/१०

कृषि ज्ञान केन्द्र, पर्साको आव २०७९/८० को स्वीकृति कार्यक्रम अनुसार तपसिल बमोजिमका अनुदानित कार्यक्रममा सहभागी हुनका लागि इच्छुक सेवाग्राहीहरूबाट म्यादभित्र प्रस्ताव दर्ता गराउनुहुनका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.सं. | सूचना नं. | कार्यक्रमको नाम | अधिकृतम अनुदान प्रतिशतमा | लक्षित सेवाग्राही | पेश गर्दा चाहिने कागजातहरू | प्रस्ताव पेश गर्ने |
|---|---|---|---|---|---|---|
| १ | १ | कृषियन्त्र उपकरण प्रवर्द्धन सहयोग (स्वचालित/एटचाचमेन्ट/बीउ प्रशोधनसहित) | ५०–७५ प्रतिशत | कृषक। कृषक समूह। कृषि सहकारी। कृषि उद्यमी | – रु १० को टिकट<br>– ३ बिघा जग्गाधनी पुर्जा<br>– ट्याक्टर दर्ताको ब्लुबूक नवीकरणसहित<br>– फर्म दर्ता प्रमाणपत्र प्रतिलिपि<br>– नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>– पान नं. र बैंक खाता नं.<br>– आव २०७८/७९ को आ.ले.प. प्रतिवेदन<br>– अनुसूची र निवेदन | अवधि ३० दिन (२०७९/६/१० गतेभित्र) |
| २ | २ | सिंचाइ व्यवस्थापन प्रवर्द्धन सहयोग (स्यालो ट्युवेल/सोलार/पम्पसेट/मोटर आदि) | ८५ प्रतिशत | कृषक। कृषक समूह। कृषि सहकारी। कृषि उद्यमी | – रु १० को टिकट<br>– २–४ बिघा जग्गाधनी पुर्जा<br>– जग्गा भएको नक्शा<br>– नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>– अनुसूचीहरू<br>– सम्बन्धित स्थानीय निकायको कृषि शाखाको सिफारिश<br>– फर्म दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि<br>– पान नं. र बैंक खाता नं.<br>– आव २०७८/७९ को आ.ले.प. प्रतिवेदन | १५ दिन (२०७९/५/२४ गतेभित्र) |
| ३ | ३ | व्यावसायिक कृषि उत्पादन क्षेत्र सुदृढीकरणका लागि कृषियन्त्र उपकरण सहयोग (स्वचालित/एटचाचमेन्ट/बीउ प्रशोधनलगायत अन्य) | ५०–७५ प्रतिशत | कृषक। कृषक समूह। कृषि सहकारी। कृषि उद्यमी | – रु १० को टिकट<br>– ३ बिघा जग्गाधनी पुर्जा<br>– नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>– ट्याक्टर दर्ताको ब्लुबूक नवीकरणसहित<br>– फर्म दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि<br>– पान नं. र बैंक खाता नं.<br>– आ.व. २०७८/७९ को आ.ले.प. प्रतिवेदन<br>– अनुसूची र निवेदन | ३० दिन (२०७९/६/१० गतेभित्र) |
| ४ | ४ | व्यावसायिक कृषि उत्पादन क्षेत्र सुदृढीकरणका लागि सिंचाइ व्यवस्थापन सहयोग (स्यालो ट्युवेल/पम्पसेट/मोटर सोलार/कुलो/पैनीलगायत अन्य) | ८५ प्रतिशत | कृषक। कृषक समूह। कृषि सहकारी। कृषि उद्यमी | – रु १० को टिकट<br>– २–४ बिघा जग्गाधनी पुर्जा<br>– जग्गा भएको नक्शा<br>– नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>– अनुसूचीहरू<br>– सम्बन्धित स्थानीय निकायको कृषि शाखाको सिफारिश<br>– फर्म दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि<br>– पान नं. र बैंक खाता नं.<br>– आव २०७८/७९ को आ.ले.प. प्रतिवेदन | १५ दिन (२०७९/५/२४ गतेभित्र) |
| ५ | ५ | च्याउ बीउ वितरण | ७५ प्रतिशत | कृषक। कृषक समूह। कृषि सहकारी। कृषि उद्यमी | – रु १० को टिकट<br>– निवेदन<br>– नागरिकता प्रमाणपत्रको प्रतिलिपि | ३० दिन (२०७९/६/१० गतेभित्र) |
| ६ | ६ | प्राङ्गारिक उत्पादन प्रवर्द्धन/एकीकृत जैविक फर्म प्रवर्द्धन कार्यक्रम | बढीमा १५ लाखसम्म | कृषक। कृषक समूह। कृषि सहकारी। कृषि उद्यमी | – रु १० को टिकट<br>– जग्गाधनी प्रमाण पुर्जा<br>– जग्गाको नक्शा<br>– नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>– फर्म दर्ताको प्रतिलिपि<br>– नवीकरण<br>– आव २०७८/७९ को आ.ले.प. प्रतिवेदन<br>– प्रस्तावित योजना कार्यक्रम र बजेट<br>– स्थानीयको सिफारिश | १५ दिन (२०७९/५/२४ गतेभित्र) |
| ७ | ७ | प्रस्तावमा आधारित व्यावसायिक कृषि कार्यक्रम | बढीमा १५ लाखसम्म | कृषक। कृषक समूह। कृषि सहकारी। कृषि उद्यमी | – रु १० को टिकट<br>– विस्तृत प्रस्तावित योजना र बजेट<br>– जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि<br>– नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>– फर्म दर्ताको प्रतिलिपि<br>– नवीकरण<br>– आव २०७८/७९ को आ.ले.प. प्रतिवेदन<br>– स्थानीयको सिफारिश | १५ दिन ( २०७९/४/२४ गतेभित्र |
| ८ | ८ | विषादी खुद्रा विक्रेता तालीम | | इच्छुक नेपाली | – रु १० को टिकट<br>– ना.प्र. पत्रको प्रतिलिपि<br>– शैक्षिक प्रमाणपत्रको प्रतिलिपि | ३० दिन (२०७९/६/१० गतेभित्र) |

विस्तृत जानकारीका लागि कृषि ज्ञान केन्द्र, पर्सामा सम्पर्क गर्नुहुन।

**मुन्नीलाल प्रसाद (नि. केन्द्र प्रमुख) कृषि प्रसार अधिकृत (आठौं तह)**

# दिवाखाजामा अनियमितताको आरोप

प्रस, वीरगंज, ९ भदौ/

पर्सा जिल्लाका १४ वटै पालिकामा दिवाखाजा व्यवस्था सञ्चालन भएपनि अहिले यसमा अनियमितता भएको आरोप लागेको छ।

सरकारले दिवाखाजाको लागि प्रतिविद्यार्थी रु १५ व्यवस्था गरेको र सोसँगै छ दिनको खाजा सूची पनि सार्वजनिक गरेको थियो।

शिक्षा विभागले जारी गरेको खाजा सूची अनुसार पहिलो दिन आइतवार सेवई, दोस्रो दिन सोमवार अन्डा, तेस्रो दिन मङ्गलवार र बुधवार भुजा र चना, चौथो दिन बिहीवार हलुवा र छैटौं दिन शुक्रवार अन्डा खुवाउनुपर्नेछ। तर महानगरका कतिपय विद्यालयमा रु १० को बिस्कुट खाजास्वरूप दिइन्छ।

त्यसैगरी, ग्रामीण क्षेत्रमा तोके अनुसारको मापदण्डमा खाजा खुवाउने नगरेको गुनासो छ।

प्रतिदिन विद्यार्थी हाजिरीको दरले खाजा खर्च दिनुपर्नेमा त्यसमा पनि अनियमितता भएको स्रोतले जनाएको छ। थोरै सङ्ख्यामा विद्यार्थी नआएमा गणना नगरिने र शुक्रवारको दिन प्रायःजसो सामुदायिक विद्यालयहरूले खाजा नखुवाउने गरेको गुनासो छ। कतिपय सामुदायिक विद्यालयका प्रअहरूले खाजा भत्ताको ८० प्रतिशत अनियमितता गर्ने गरेको आरोप छ।

सूची अनुसारको खाजा नखुवाउने, खुवाएको खाजा पनि कमसल हुने गरेको बताइन्छ।

कतिपय विद्यार्थीले खाजाको नाममा चामल, नून, बेसार राखेर उमालेको जाउलो र हलुवा मात्र दिने गरेको बालबालिकाहरूले गुनासो गरेका छन्। स्थानीय पालिकाले यसको अनुगमन गर्नुपर्नेमा नगरेका कारण अनियमितता बढेको बताइन्छ। प्रअहरूले खाजा खर्च आफ्नो खल्तीमा राख्ने गरेको शिक्षकहरूको गुनासो छ। केही मात्र प्रअहरूले खाजामा पारदर्शिता अपनाएका छन्। अधिकांशले भने अनियमितता गरिरहेको बताइन्छ।




पर्साको एक सामुदायिक विद्यालयमा सूचीमा नभएको जाउलो दिवाखाजाको रूपमा खाँदै विद्यार्थीहरू। तस्वीरः प्रतीक

# खेलकूदको संसार

## तीज कप नकआउट फूटबल प्रतियोगिता

## वनशक्ति युवा क्लब, सुवर्ण युवा क्लब र वनदेवी युवा क्लब विजयी

चिरञ्जीवी सापकोटा, ठोरी, ९ भदौ/

ठोरी गाउँपालिका वडा नं १ मा जारी तीज कप नकआउट फुटबल प्रतियोगिताको प्रथम चरणको अन्तिम दिनको खेलमा वनशक्ति युवा क्लब, ठोरी-२, सुवर्ण युवा क्लब, ठोरी-५ र वनदेवी युवा क्लब, ठोरी-२ विजयी भएका छन्।



पहिलो खेलमा समाज सुधार युवा क्लब, माडीलाई ०-१ गोल अन्तरले पराजित गर्दै वनशक्ति युवा क्लब, ठोरी दोस्रो चरणमा प्रवेश गरेको छ। वनशक्तिको जीतमा जर्सी नं १८ का विवेक गुरुङले १०औं मिनेटमा गरेको एकमात्र गोल नै निर्णायक साबित भयो। यस खेलको 'म्यान अफ दी म्याच' वनशक्तिका एकमात्र गोलकर्ता गुरुङ घोषित भए।

दोस्रो खेलमा जनचेतना युवा क्लब 'ए', ठोरी-१ लाई ३-१ गोल अन्तरले पराजित गर्दै सुवर्ण युवा क्लब, ठोरी-५ ले पनि दोस्रो चरणको यात्रा सुरक्षित गरेको छ। सुवर्ण युवा क्लबको जीतमा जर्सी नं १४ का रूपेश पाख्रिनले एक गोल र जर्सी नं ७ का रोहन क्षेत्रीले दुई गोल गरेका थिए। सुवर्ण युवा क्लबको आत्मघाती गोलको कारण जनचेतना युवा क्लबले सान्त्वना एक गोल पायो। यस खेलको 'म्यान अफ दी म्याच' सुवर्ण युवा क्लबका रोहन क्षेत्री घोषित भए।

तेस्रो तथा अन्तिम खेलमा जनचेतना युवा क्लब 'बी'लाई ३-० गोल अन्तरले पराजित गर्दै वनदेवी युवा क्लब दोस्रो चरणमा प्रवेश गरेको छ। वनदेवीको जीतमा जर्सी नं १८ का प्रशान्त लामाले दुई गोल र जर्सी नं ३० का रोहन गुरुङले एक गोल गरेका थिए। यस खेलको 'म्यान अफ दी म्याच' वनदेवीका प्रशान्त लामा घोषित भए।

भोलिदेखि दोस्रो चरणको खेल सञ्चालन हुने आयोजक समितिका अध्यक्ष जगेन्द्र पौडेलले जानकारी दिए। अध्यक्ष पौडेलका अनुसार भोलिको पहिलो खेल सनराइज युवा क्लब, रामनगर र हरियाली युवा क्लब, हनुमाननगर, दोस्रो खेल रेडहिल युनाइटेड माडी र निर्मल समाज युवा क्लब, ठोरी-४ तथा अन्तिम खेल जनकल्याण तमु समाज माडी र आयोजक निर्मल समाज क्लब 'बी'बीच हुनेछ।

# पर्सागढीमा भूमि आयोगले १५ गतेदेखि काम शुरू गर्ने

प्रस, वीरगंज, ९ भदौ/

पर्सागढी नगरपालिका-२ मा विद्यमान भूमिसम्बन्धी समस्या समाधान गर्न नापनक्शाको काम भदौ १५ गतेदेखि अघि बढाउने सहमति भएको छ।

राष्ट्रिय भूमि आयोग, पर्साका अध्यक्ष तबरेज अहमदसहितको पदाधिकारी र कर्मचारीहरूको संयुक्त टोलीले बिहीवार स्थलगत अनुगमन गर्दै नापनक्शाको काम अघि बढाउने आश्वासन दिएका हुन्। पर्सागढी-२ कटानी, शान्तिटोल र वडा नं १ को जमुनाटोलमा वर्षौंदेखि बसोबास गर्दै आएका स्थानीयको नाममा जग्गाको लालपुर्जा छैन।




विसं २०३५ सालतिर जङ्गल फँडानी गरेर त्यहाँ बस्ती बसेको थियो। आयोग गठन हुने, फाराम भर्न लगाउने काम भने विगतदेखि नै हुँदै आएको छ। तर ती गाउँको भूमिसम्बन्धी समस्या समाधान हुन सकेको छैन। स्थानीय बालकृष्ण श्रेष्ठले विसं २०५८ सालमा तत्कालीन सुकुमबासी आयोगले ३६ जनालाई लालपुर्जा दिएको बताए। स्थानीय कार्यालयदेखि मन्त्रालयसम्म पटक-पटक धाउँदा पनि लालपुर्जा प्राप्त नभएको गुनासो उनको छ।

आयोग पर्साका अध्यक्ष अहमदले यसअघिका आयोगले छोडेका अधूरा काम अघि बढाउन स्थलगत अनुगमन गरिएको बताए। भूमिसम्बन्धी समस्या समाधानका लागि राष्ट्रिय भूमि आयोगसँग सम्झौता गरेर पर्सागढी नगरपालिकाले लगत सङ्कलन गरिसकेको छ।

एक हजार ६८३ जना भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीले फाराम भरेका छन्।

पर्सागढी नगरपालिकाका प्रमुख गोकर्ण पाठकले पालिकामा विद्यमान भूमिसम्बन्धी समस्या समाधानका लागि आफूले सक्दो सहयोग गर्ने बताए।

स्थलगत अनुगमनमा वडाध्यक्ष वीरेन्द्र महतो, मेन्टेनेन्स नापी शाखा, पर्साका प्रमुख नारायण श्रेष्ठ, भूमिसुधार तथा मालपोत कार्यालय, पर्साका प्रमुख ऋषिकुमार दाहाल, भूमि आयोग पर्साका सदस्यहरूको सहभागिता थियो।

# नेरेसो मधेस प्रदेशको अध्यक्षमा पुनः मियाँ

प्रस, वीरगंज, ९ भदौ/

नेपाल रेडक्रस सोसाइटी मधेस प्रदेशको अध्यक्षमा फूलमहम्मद मियाँ पुनः निर्वाचित भएका छन्।

नेरेसो पर्साको सभाकक्षमा बिहीवार सम्पन्न मधेस प्रदेशको निर्वाचनमा १२ जनाको मात्र मनोनयनपत्र दर्ता भएको र अध्यक्षदेखि सदस्यहरू सबै निर्विरोध निर्वाचित भएका निर्वाचन अधिकृतको कार्यालयले जानकारी गराएको छ।



सम्पन्न निर्वाचनमा अध्यक्ष मियाँ, महिला उपाध्यक्ष मुन्नी मिश्र, महासचिव दिव्यनारायण श्रेष्ठ, कोषाध्यक्ष भुवनी गिरी श्रेष्ठ, उपमहासचिव अजयकुमार राय यादव र उपकोषाध्यक्षमा सलाउद्दीन अहमदलगायत सदस्यहरू छन्।

# २० किलो गाँजा बरामद

नितेश कर्ण, वीरगंज, ९ भदौ/

अमलेखगंज प्रहरी चौकीले २० किलो गाँजा बरामद गरेको छ। जीतपुरसिमरा उपमहानगर अन्तर्गत आधाभार जङ्गलबाट २० किलो गाँजा बरामद गरेको हो। बिहीवार दिउँसो दुईजना पैदलयात्री झोला लिएर हिंडिरहेकामा प्रहरीलाई शङ्का लागेर चेकजाँच गर्न खोज्दा उनीहरू फरार भएको र लखेट्दा एकजना झोला फालेर भागेको र अर्को एकजना झोलासहित भागेको प्रहरीले जनाएको छ।



झोला फालेर भाग्ने व्यक्तिले अन्य व्यक्तिलाई जङ्गलमा बाघले लखेटेको भन्दै तर्साएर, होहल्ला मचाएर भाग्न सफल भएका थिए। बरामद गाँजा प्रहरीले नियन्त्रणमा लिएको छ।

## जनकपुरमा मुख्यमन्त्री.....

प्रदर्शनकारीलाई प्रहरीले पक्राउ गरेको बताउँदै सोको विरोध गरे।

प्रदर्शनमा महिलाहरूको उल्लेखनीय सहभागिता थियो।

प्रदर्शनकारीमाथि प्रहरीले दमन नगरेको जिकिर गर्दै जिल्ला प्रहरी कार्यालय, धनुषाले अप्रिय घटना हुनबाट रोक्नका लागि प्रहरी तैनाथ गरिएको र सो क्रममा नियन्त्रणमा लिएकाहरूलाई मुक्त गरिसकेको जनाएको छ।







## कोभिड-१९ को जोखिम कम गर्ने उपायहरू

- सही तरीकाले मास्क लगाऔं।
- कम्तीमा दुई मिटरको दूरी कायम गरौं।
- साबुनपानीले नियमित हात धुने वा सेनिटाइजर प्रयोग गरौं।
- हावा ओहरदोहर हुने स्थानमा बसौं।
- अरूको व्यक्तिगत प्रयोगका सामग्री प्रयोग नगरौं।
- कोभिड-१९ विरुद्धको खोप तथा बुस्टर डोज लगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड